# राजस्व सुधार कार्ययोजना

# २०७९/८०–२०८१/८२

सूर्मा गाउँपालिका




# सूर्मा गाउँपालिका

# बझाङ जिल्ला

# २०७९

# आभार

# कृतज्ञता ज्ञापन

नागरिकका असिम आकांक्षालाई मध्यनजर गर्दै स्थानीय तहको विकासलाई तीव्रतर किसिमले अघि बढाउन सबैभन्दा धेरै आवश्यक पर्ने र प्रायः सधैं अपुग हुने विषय भनेको स्रोत अर्थात् राजस्व नै हो । स्थानीय तह आफैंले पर्याप्त राजस्व संकलन गर्न सकेको खण्डमा स्थानीय तह आत्मनिर्भर हुन जानेछ र स्थानीय तह आत्मनिर्भर हुँदै जाँदा यसले सङ्घीयताको दीगोपन समेत टेवा पुऱ्याउने छ । नेपालको राज्य व्यवस्था सङ्घीय स्वरुपमा रुपान्तरण भई स्थानीय तह गठन भएको पाँच वर्ष पुग्दै गर्दा राजस्व सुधार कार्ययोजना तर्जुमा हुनु प्राथमिकतापूर्ण कार्य भएको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजस्व परामर्श समितिको काम, कर्तव्य अधिकार अन्तर्गत राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ । यस्तै सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ ।

स्थानीय तहको राजस्वको वर्तमान अवस्था, कानुनी रुपमा अख्तियार प्राप्त राजस्वका क्षेत्रहरु तथा स्थानीय तहको अवस्था अध्ययन गरी यस राजस्व सुधार कार्ययोजनाले आगामी तीन वर्षको राजस्वको प्रक्षेण समेत गरेको छ । अख्तियार प्राप्त कतिपय क्षेत्रहरुमा  राजस्व संकलन गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा यस कार्ययोजनाले न्यायपूर्ण तरिकाले र नागरिकको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र बिस्तार गरी समग्र आन्तरिक राजस्वको आकार वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ ।

यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रादेशिक सुशासन केन्द्र, सुदुरपश्चिम तथा स्थानीय तहको  राजस्वको अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने गाउँपालिकाका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

**क्युव-पाथवे-भूगोल जेभी**

# विषय सूची


**परिच्छेद एक: परिचय** **१**
१.१ पृष्ठभूमि १
१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २
१.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्यहरू ३
१.४ अपेक्षित परिणाम ४
१.५ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रकृया ४
१.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरू ८

**परिच्छेद दुई: गाउँपालिकाको सक्षिप्त परिचय** **९**
२.१ सूर्मा गाउँपालिकाको सङ्क्षिप्त परिचय ९
२.२ सूर्मा गाउँपालिकको मानव संसाधनको अवस्था १४
२.२.१ सूर्मा गाउँपालिका मानव संसाधनको अवस्था १४
२.२.२ सूर्मा गाउँपालिकाकाको भौतिक सम्पत्तिको अवस्था १५

**परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१६**
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १६
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था २२
३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २२
३.३.१ कर राजस्व २५
३.३.२ गैरकर राजस्व ३४

**परिच्छेद चार: आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था** **४६**
४.१ राजस्व परिचालन सम्बन्धी नीति ४६
४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ४६
४.२ आय सङ्कलनको संस्थागत क्षमता ४६
४.२.१ स्थानीय राजस्व परामर्श समिति ४६
४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन ४७
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ४७
४.४ विगतको राजस्व सङ्कलनको अवस्था ४९
४.५ राजस्व परिचालनमा रहेका सवालहरू ५०

**परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना** **५३**
५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ५३

**परिच्छेद छ: आगामी तीन वर्षको आय प्रक्षेपण** **५८**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५८
६.२ गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ६१

**परिच्छेद सात: अपेक्षित नतिजा** **६८**
७.१ निष्कर्ष तथा सुझाव ६८

**परिच्छेद आठ: अनुगमन तथा मूल्याङ्कन** **७०**

**अनुसूचीहरू** **७३**
अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ७४
अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र ७७
अनुसूची ३: कार्यक्रममा सहभागीहरूको सूची र कार्य सम्पन्न पत्र ७८
अनुसूची ४: कार्यक्रमको फोटोहरू ८०

# तालिका सूची


तालिका १: वडा अनुसार क्षेत्रफल १०
तालिका २: गाउँपालिकाको वडागत जनसाङ्ख्यिक विवरण ११
तालिका ३: गाउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २३
तालिका ४: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २५
तालिका ५: सम्भाव्य भूमिकर २७
तालिका ६: घरजग्गा बहाल करको सम्भाव्यता विवरण २८
तालिका ७: व्यवसाय सम्बन्धी विवरण २९
तालिका ८: सम्भावित कर सम्बन्धी विवरण ३१
तालिका ९: जडीवुटीको विवरण ३३
तालिका १०: सिफारिश तथा प्रमाणित सम्बन्धी विवरण ३८
तालिका ११: व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क सम्बन्धी विवरण ३९
तालिका १२: पार्किङ शुल्क सम्बन्धी विवरण ४१
तालिका १३: गाउँपालिका/नगरपालिकाले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेका सेवा ४३
तालिका १४: राजस्व परामर्श समिति ४७
तालिका १५: आन्तरिक आय परिचालनको वर्तमान अवस्था ४८
तालिका १६: विगत दुई वर्षको आय विवरण ५०
तालिका १७: कर राजस्व सुधार कार्ययोजना ५३
तालिका १८: गैरकर राजस्व सुधार कार्ययोजना ५५
तालिका १९: गैरकर राजस्व सुधार योजना ५६
तालिका २०: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण (रु. हजारमा) ५८
तालिका २१: गाउँपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण ६२
तालिका २२: गाउँपालिकाको अपेक्षित आय संक्षेपमा ६८
तालिका २३: अनुगमन कार्यान्वयन तालिका ७१


## चित्र सूची


चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू ४
चित्र २: सूर्मा गाउँपालिकाको अवस्थिती नक्शा १०
चित्र ३: तहगत राजस्व अधिकार १७
चित्र ४: कर राजस्व तथा गैर कर राजस्वका शीर्षकहरू २२
चित्र ५: अनुगमन मूल्याङ्कन चक्र ७०

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारहरूको सङ्घीय संरचनालाई अवलम्वन गरेको छ। संविधानले स्थानीय तहहरूमा कुशल र प्रभावकारी सेवाहरू प्रदान गर्न सवल स्थानीय तहहरूको परिकल्पना गरेको छ । यसै बमोजिम स्थानीय तहलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्थाका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ। सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्ता अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबिच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रूपमै प्रदान गरिएको छ । नेपालको संविधान (भाग १९, अनुसूची ८) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरूप स्थानीय तहहरूले राजस्व अधिकारको प्रयोग गरी कर तथा गैरकर सङ्कलनका आधारभुत मान्यता अनुरूप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहलाई विभिन्न किसिमका राजस्वको श्रोत, सम्भाव्य राजस्वको पहिचान, सङ्कलन, राजस्व बाँडफाँडको अधिकारको प्रत्यायोजन गरेको छ । खासगरी स्थानीय तहको उद्देश्य भनेको स्थानीय तहलाई वित्तीय रूपमा सवल बनाउने, स्थानीय तहको खर्च व्यवस्थापन गर्ने र स्थानीय तहमा सुशासनको प्रत्याभूती गराउने पनि हो ।

स्थानीय तहहरूले आफूलाई तोकेको कार्य र जिम्मेवारी पूरा गर्नको लागि वित्तीय दृष्टिले सक्षम हुनु पर्दछ । वर्तमान अवस्थासम्म अधिकांश स्थानीय तहहरू सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाह्य श्रोतमा निर्भर रहेको देखिन्छ । स्थानीय तहहरूलाई स्थानीय राजस्व उठाउने अधिकार प्रत्यायोजन गरिएको छ तापनि उनीहरू करको सम्भाव्यता पहिचान गर्न, कर सम्बन्धी डाटावेस बनाउन र कर प्रशासनलाई नियमन गर्न कमजोर देखिन्छन ।

संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय तहहरू प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक श्रोत र राजस्व परिचालनमा लामो समय उदासिन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय तहको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन । यसबाट छुट्कारा पाउनको लागि स्थानीय तहहरूको आन्तरिक राजस्व परिचालन

क्षमतामा कानुन सम्मत ढगंले बृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ । उल्लेखित कार्य गर्नको लागि स्थानीय तहहरूसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ ।

यही खाँचोलाई पूरा गर्नको लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा राष्ट्रब्यापी रूपमा सञ्चालित राजस्व सुधार कार्ययोजना सम्बन्धी कार्यक्रमले प्रदेश तथा स्थानीय शासन पद्दतिलाइ दिगो, समावेशी र जवाफदेही बनाउने लक्ष्य लिएको छ । यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने गतिविधिहरू प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास गर्नेतिर लक्षित रहेका छन । साथै, प्रदेश तथा स्थानीय तहहरूको संस्थागत क्षमता अभिवृद्विमा पनि यस कार्यक्रमले सहयोग पुऱ्याउने प्रावधान रहेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बिच सम्झौता भइ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा रहेको छ । यसै सन्दर्भमा गाँउपालिका तथा नगरपालिकाहरूको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न प्रादेशिक सुशासन केन्द्र, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको वित्तीय र क्युव-पाथवे-भूगोल जेभीको प्राविधिक सहयोगमा सूर्मा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गर्ने कार्य अगाडि बढाईएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालको संविधानले नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था गरेको छ । देशमा सङ्घियता आएपछि पहिले केन्द्रले दिने रकम तथा बजेटमा मात्र आश्रित स्थानीय तहहरूलाई पनि आफैंले राजस्व सङ्कलन गर्न सक्ने अधिकार प्रत्याभूत गरिएको छ । त्यसैले स्थानीय तहलाई सङ्घ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व विनियोजन बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय तहले अन्य स्वदेशी सङ्घसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिश गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई व्यवस्थापन गरिनुका साथै स्थानीय तहले कर लगाउदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, स्वेछिक रूपमा कर तिर्न प्रेरीत हुने वातावरण सिर्जना गर्न र कर लगाँउदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय तहको आन्तरिक राजस्व सुधार कार्य योजनाको निर्माण अपरिहार्य छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई व्यवस्थित तरिकाले कार्यान्वयन गर्न सक्ने क्षमता सबैमा विकास भइसकेको छैन । यसको पछाडी अनेक कारणहरू हुनसक्छन जस्तै सङ्घिय संरचनाको अभ्यास नयाँ हुनु, आयका श्रोतहरूको पहिचान गर्नसक्ने खालको दक्ष जनशक्ति अधिकांश स्थानीय तहहरूमा नहुनु, स्थानीय तहहरूसँग रहेका सम्भाव्य श्रोतहरूका बारेमा तथ्याङ्क नहुनु, राजस्व सङ्कलन र त्यसको बाँडफाँड बारेमा जनतालाइ बुझाउन नसक्नु, स्थानीय तहमा राजस्वको दायरा बृद्धि गर्ने सम्बन्धमा स्थानीय तहको नेतृत्वको इच्छाशक्ति कम हुनु आदि ।

स्थानीय तहहरूको राजस्व सम्बन्धी वर्तमान स्थितिको विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्न र सोका आधारमा आगामी तीन वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनका लागि सुदुरपश्चिम प्रदेश अन्तर्गतको प्रादेशिक सुशासन केन्द्रको चालु आ. व. २०७८/०७९को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सूर्मा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरिएको छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्यहरू

यस कार्यक्रमको समग्र उद्देश्य स्थानीय तहहरूको आन्तरिक आय तथा राजस्वको विद्यमान अवस्था विश्लेषण गर्नु र व्यवहारिक तथा प्रभावकारी राजस्व प्रणालीको विकास गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्यहरू निर्धारण गरिएको छ :

- स्थानीय तहका जनप्रतिनिधीहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्यायोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- स्थानीय तहमा शीर्षकगत रूपमा सम्भावित कर/गैर करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- स्थानीय तहमा राजस्वका विभिन्न श्रोतहरूको लेखाजोखा (यथार्थ असुली सहित) गर्ने र बृद्धिका सम्भावनाहरू पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक संरचना सङ्कलन तथा बिलिङ्ग पद्दति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्य कुशलताको विश्लेषण गर्ने ।
- स्थानीय तहका आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्य योजना तयार गर्ने ।
- राजस्व सुधारका नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने भावी रणनीति सहित आगामी ३ आर्थिक वर्षका लागि कार्य योजना (२०७९/०८०-२०८१/०८२) सहित राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा गर्नु पर्ने सुधारका लागि सुझाब सहित नमुना तयार गर्ने ।

## १.४ अपेक्षित परिणाम

स्थानीय तहहरूलाई वित्तीय रूपमा सवल बनाउने र खर्च व्यवस्थापन गर्न सक्षम बनाइ सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन राजस्व सुधार कार्ययोजना निर्माण गर्नु मुख्य अपेक्षित परिणाम हुनेछ साथै यस कार्ययोजना मार्फत् तल उल्लेखित कुराहरू प्राप्त हुनेछन :

- सम्बन्धित स्थानीय तहहरूका जनप्रतिनिधीहरू, कर्मचारी सवैले राजस्व सुधार सम्बन्धी अभिमुखीकरण प्राप्त गरी आन्तरिक आय तथा कर सम्बन्धी विषयमा आवश्यक जानकारी हासिल गरेका हुनेछन् ।
- सहभागितामूलक विधिद्वारा तोकिएका स्थानीय तहको सूचना र तथ्याङ्कमा आधारित कार्यान्वयन योग्य राजस्व सुधार कार्ययोजना तयार भएको हुनेछ ।
- आन्तरीक आयका नयाँ सम्भावनाहरूको पहिचान भई सो समेत समावेश भएको राजस्व सुधार योजनाको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा बृद्धि भएको हुनेछ ।
- नमुना आर्थिक ऐन आगामी आर्थिक वर्षबाट यथार्थतामा कार्यान्वयनमा आएको हुनेछ ।

## १.५ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रकृया

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका विधि चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ (चित्र नं.: १) ।




चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणह□

**पहिलो चरणः सन्दर्भ सामाग्री संकलन तथा समीक्षा**

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको संकलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

**दोस्रो चरणः अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला**

स्थानीय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरु र राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०२/२५ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसूची २ मा दिईएको छ ।

**तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन**

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानुनहरु, प्रगति विवरणहरु, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरुबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यस बाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरुको संगठन, होटल व्यवसायीहरुको संगठन आदि पेशागत एवम् व्यवसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसंगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरु सङ्कलन गरिएको थियोः

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु

- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरु, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरु/तथ्याङ्कहरु नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पून: प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरी सकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरुले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार संकलन गरिएको थियो ।

### चौथो चरण: सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवम् राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क संकलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिएको छ। सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ। राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले यस स्थानीय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय संकलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको छ ।

$$\text{CAGR} = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ,

CAGR = औसत वार्षिक वृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची ४ अनुसार गरिएको छ ।

**पाँचौं चरणः मस्यौदा कार्ययोजना तयारी**

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ । लेखन कार्य राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरुबाट परिक्षण गराइएको थियो ।

**छैठौँ चरणः मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव संकलन**

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानीय तहका सम्बन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

**सातौ चरणः अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण**

मस्यौदा प्रतिवेदन माथि प्राप्त भएका सुझाब समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको थियो । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बिचमा मिति २०७९/०३/०३ गते यस गाउँपालिकाका अध्यक्ष श्री खडक बहादुर बोहरा ज्यूको अध्यक्षतामा बसेको अन्तिम प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा प्राप्त भएका सुझाब तथा पृष्ठपोषणको यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । उक्त कार्यक्रममा सहभागीहरुको सूची अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

**आठौं चरणः अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती**

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरू

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन निम्न अनुसारको सीमामा रही तयार गरिएको छ ।

यस राजस्व सुधार कार्ययोजना गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सुझाव र सूचनाको आधारमा तयार गरिएको हो ।

- सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त गर्ने राजस्व बाँडफाँड र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक रूपमा बृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा स्थानीय तहबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।
- राजस्व प्रक्षेपणको लागि स्थानीय तहले उपलब्ध गराएको तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागले विभिन्न सर्वेक्षण मार्फत् उपलब्ध गराएको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।
- वार्षिक रूपमा अनुगमन मूल्याङ्कन पश्चात् राजस्व सुधार कार्ययोजनामा परिमार्जन गर्न सकिने छ ।

# परिच्छेद दुईः गाउँपालिकाको सक्षिप्त परिचय

सूर्मा गाउँपालिका बझाङ्ग जिल्लाको एक दुर्गम गाउँपालिका हो । यस सुमा परिच्छेदमा सूर्मा गाउँपालिकाको सङ्क्षिप्त परिचय, अवस्थिति, आर्थिक तथा सामाजिक अवस्था, मानव संशाधन साथै भौगोलिक अवस्थालाई चित्रण गरिएको छ ।

## २.१ सूर्मा गाउँपालिकाको सङ्क्षिप्त परिचय

**नामाकरणः**

यसै गाउँपालिकाको वडा नं. ४ मा अवस्थित सूर्मादेवीको नामबाट यस गाउँपालिकाको नाम सूर्मा गाउँपालिका रहन गएको हो । सूर्मा गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक रूपले महत्वपूर्ण क्षेत्र हो । सूर्मा सरोवरको तिर्थ यात्रा गर्दा आफुले चिताएको कुरा पूरा हुने जनभावना अनुसार ठाउँ ठाउँमा भेटी चढाउने, वर माग्ने, नाङ्गो खुट्टाले हिड्ने, आगो नजलाउने, छाता नओढ्ने, धुम्रपान नगर्ने तथा १५ दिन अगावैदेखि शुद्ध वस्ने चलन छ। वि.सं. २०७४ सालमा राज्य पुर्नसंचना गर्ने क्रममा नेपाल सरकारको निर्णय अनुसार यस गाउँपालिकाकालाई दौलीचौर गा.वि.स. र सूर्मा गा.वि.स. का सम्पूर्ण वडाहरूलाई मिलाई बनाइएको हो। यस गाउँपालिकाको अफिस दौलिचौरमा रहेको छ।

**अवस्थिति :**

यस गाउँपालिकाको पूर्वमा बझाङ्ग जिल्लाको तलकोट गाउँपालिका र जयपृथ्वी नगरपालिका, पश्चिममा बुङ्गल नगरपालिका र छबिसपाथिभेरा गाउँपालिका, उत्तरमा काँडा गाउँपालिका र दक्षिणमा जयपृथ्वी नगरपालिका र छबिसपाथिभेरा गाउँपालिकासँग सिमाना जोडिएको छ। समुन्द्री सतहको २९°३१'४८" देखि २९°३६'६६" उत्तरी अक्षांशसम्म र ८१°१४'२४" देखि ८१°२४'१२"मा पूर्व देशान्तरसम्म फैलिएको छ । यस गाउँपालिका बझाङ्ग जिल्लाको जिल्ला सदरमुकाम चैनपुर देखि १० किमीको दुरीमा उत्तर भागमा रहेको छ। यो गाउँपालिकाको अवस्थिति नक्सा तल चित्र नं. २ मा राखिएको छ।

सूर्मा गाउँपालिका




चित्र २: सुर्मा गाउपालिकाको अवस्थिती नक्शा

## सूर्मा गाउँपालिकाको कूल क्षेत्रफल तथा वडागत विभाजन

यो गाउँपालिकालाई जम्मा ५ वटा वडामा विभाजन गरिएको छ। यस गाउँपालिकाको क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो वडा वडा नं. १ रहेको छ भने सबैभन्दा सानो वडा वडा नं. ३ रहेको छ। यस गाउँपालिकको जम्मा क्षेत्रफल २७०.८१ वर्ग कि.मि. रहेको छ।

## तालिका १: वडा अनुसार क्षेत्रफल

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|
| १ | १७१.१४ |
| २ | १९.९२ |
| ३ | १२.०९ |
| ४ | ५३.८८ |
| ५ | १३.७८ |
| **जम्मा** | **२७०.८१** |

*गाउँपालिकाको जनसाङ्ख्यिक विवरण*

केन्द्रीय तथ्याङ्क विभागको २०७८ को प्रारम्भक रिपोर्ट अनुसार यस गाउँपालिकाकाको जनगणनामा घरधुरीसंख्या १४१८ र जम्मा जनसंख्या ९०२२ रहेको छ। जसमा ४५४७ पुरुष र ४४७५ महिलाको जनसंख्या रहेको छ। तर घरधुरी सर्भेक्षण २०७४ का अनुसार यस सूर्मा

गाउँपालिकाको जम्मा घरधुरी संख्या १६०१ र जनसंख्या १०९५१ रहेको छ। जसमा पुरुष ५४९२ र महिला ५४५९ रहेको छ । जसलाई वडागत रूपमा तलको तलिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: गाउँपालिकाको वडागत जनसाङ्ख्यिक विवरण**

| घरधुरी तथा टोल सर्वेक्षण २०७५ | | | | |
|---|---|---|---|---|
| **वडा नं.** | **घरधुरी संख्या** | **पुरुष** | **महिला** | **जम्मा** |
| १ | ३३३ | ११२३ | ११११ | २२३४ |
| २ | ३३७ | १०५६ | ११०३ | २१५९ |
| ३ | २७२ | ११४६ | १०७३ | २२१९ |
| ४ | ४४१ | १४०७ | १३७४ | २७८१ |
| ५ | २१८ | ७६० | ७९८ | १५५८ |
| **जम्मा** | **१६०१** | **५४९२** | **५४५९** | **१०९५१** |

**पेशागत विवरण :**

यस क्षेत्रमा अबलम्बन गरिएको पेशा मध्ये सबैभन्दा बढि कृषिमा ७५ प्रतिशत रहेको छ भने बाँकी २५ प्रतिशत मध्ये व्यापारमा १५ प्रतिशत, नोकरीमा १ प्रतिशत, दैनिक ज्यालादारीमा ८ प्रतिशत, वैदेशिक रोजगारमा ५ घरपरिवार र अन्य मा १ प्रतिशत रहेका छन्।

**पर्यटन (प्रशिद्ध स्थलहरू):**

सूर्मा गाउँपालिकामा धार्मिक, ऐतिहासिक र पूरातात्विक महत्व बोकेका प्रशिद्धस्थलहरू रहेका छन् । शुर्मासरोवर, धानसेरी पाटन, दोताल, धानसेरीताल, सुनिपान तपोवन, विरु ओडार मन्दिर, जलजला, चाँदे सिहर हिमाल, सुनखानी हिमाल, चुफि हिमाल, मलिढडा झरना, सूर्मादेवीमन्दिर, पापरजडी मन्दिर, हरिचन्द मन्दिर, धनदेउ मन्दिर, घटालदेव मन्दिर, डाँडावाग मन्दिर रहेका छन् । यि धार्मिक, ऐतिहासिक, पूरातात्विक स्थलहरू यस गाउँपालिकाका आर्थिक उपार्जनका सम्भावित पर्यटकीय श्रोतहरू हुन्।

**सिंचाईः**

यस सूर्मा गाउँपालिमा सिचाईको लागि कुलोको विभिन्न सम्भावना भए तापनि अहिलेसम्म विशेषत अना सिचाई योजना र डोगडी सिंचाई योजनाबाट कृषकहरू लाभान्वित भएका छन् । यस गाउँपालिकामा खेतीयोग्य जमिन ६४९४.७ हेक्टर क्षेत्रफल भए तापनि खेति गरिएको जमिन जम्मा १३९४ हेक्टर रहेको छ , जसमा सालैभर सिंचित हुने जमिन १०० हेक्टर, मौसमी सिंचित क्षेत्रफल २० हेक्टरमात्र रहेको छ।

**यातायात पहुँच :**

यस गाउँपालिकाका प्रत्येक वडाहरूमा सडक सञ्जाल पुगेको छ । हाल यो गाउँपालिकामा ४३ कि.मि. कच्ची सडक रहेको छ  जसमा सूर्मा सडक २५ कि.मि., धनीधारा सडक ८ कि.मि., काँटयाई सडक ६ कि.मि. डकुन्नाडा सडक ४ कि.मि. समेत रहेको छ ।

**उद्यम, व्यापार, व्यवसाय :**

सूर्मा गाउँपालिकाको ७५ प्रतिशत घरधुरीको मुख्य पेशा कृषि रहेको छ । यहाँका मुख्य व्यापारिक केन्द्रहरूमा विभिन्न किसिमका पसलहरू रहेका छन् । खासगरी फेन्सि पसल, मोवाइल पसल, स्टेशरी पसल तथा होटेल व्यवसायमा यहाँमा मानिसहरू लागेको देखिन्छ । यसैगरी यो गाउँपालिकामा ८ ओटा अल्लो प्रशोधन केन्द्रहरू रहेका छन् । जहाँबाट अल्लोको धागो निकाल्ने काम गरिन्छ । जसमो माग विश्व बजारमा एकदमै उच्च मुल्यमा विक्ने गरेको छ । त्यसैगरी यहाँ ८ वटा कृषि समूहहरू रहेका छन्  भने ६ वटा निर्माण सेवाहरू पनि रहेका छन् । यो गाउँपालिकामा जम्मा जम्मी १५ वटा पानीघट्टहरू सञ्चालमा रहेका छन जहाँबाट स्थानीय जनताहरूले कुटानी पिसानीको काम गरिरहेका छन् । यस गाउँपालिकाबाट मुख्यगरी निर्यात हुने वस्तुमा यार्सगुम्बा, वनलसुन, सतुवा, कटुकी र अन्य क्रमशः वार्षिक ६०० के.जी., २५० क्विन्टल, १७०० क्विन्टल, ६०० क्विन्टल, र ५०० क्विटल रहेको छ भने आयात हुने वस्तुमा लत्ताकपढा, ननुतेल, निर्माण सामग्री, औषधि जस्ता वस्तुहरू रहेका छन् ।

**मुख्य व्यापारिक केन्द्रहरू :**

सूर्मा गाउँपालिका क्षेत्रभित्र स्थानीय स्तरमा सञ्चालनमा रहेका साना खुद्रा पसलहरू बाहेक बजार क्षेत्रको रूपमा सूर्मा, दौलिचौ र डोगडी मुख्य स्थानीय बजार हुन् । खाद्यान्न तथा मुख्य आवश्यकताका सर सामान खरीदका लागि स्थानीय बजार र जिल्ला सदरमुकाम चैनपुर जानुपर्ने अवस्था रहेको  छ  ।

**उर्जा/विद्युत सुविधा :**

सूर्मा गाउँपालिकामा धेरैजसो घरपरिवारले खाना  पकाउने  मुख्य  इन्धनको  रूपमा दाउरा उपयोग गर्ने गर्दछन् । कूल १६०१ घरधुरी मध्ये ९९.८७ प्रतिशत वा १५९९ घरपरिवारमा दाउराको  उपयोग हुने गरेको देखिन्छ । अन्य २ घरपरिवारमा एल.पि. ग्याँसको रूपमा उपयोग हुँदै आएको छ । त्यसै गरी वत्ति बाल्नको लागि विजुली वत्तीको उपयोग गर्ने ६७०, मट्टीतेलको उपयोग गर्ने ३४, सौर्यउर्जाको प्रयोग गर्ने ८९०, गोवर ग्याँस ५ र नखुलेका २ घरपरिवार रहेका छन् ।

**सञ्चार सुविधाः**

यस गाउँपालिकामा उपलब्ध सेवा सुबिधा हेर्दा अधिकांश घरधुरीले रेडियो जस्ता सुबिधाको उपयोग गरेको देखिन्छ भने मोवाइलको प्रयोग गर्नेहरूको जमात पनि ठुलै रहेको छ ।  यस गाउँपालिकामा रेडियो सुविधा भएका घरधुरी ८०९, टि.भि. को सुविधा भएका घरधुरी २७५, टेलिफोन/मोवाइलको सुविधा भएका १३७२, कम्प्युटर सुविधा भएका ४१, इन्टरनेटको सुविधा भएका घरधुरी २ र नखुलेका

१ घरधुरी रहेका छन् । त्यसै गरी यस गाउँपालिकामा १ वटा दौलीचोर सूर्मा अतिरिक्त हुलाक कार्यालय पनि रहेको छ भने एउटा मोवाइलको टावर पनि रहेको छ । जसले गर्दा यहाँका मानिसहरूले मोवाइल सेवाको प्रयोग गरिरहेका छन् ।

**खानेपानी तथा सरसफाईः**

यस गाउँपालिकामा खानेपानीको मुख्यस्रोतका रूपमा पाइपको धारा नै रहेको छ । गाउँपालिका क्षेत्रमा रहेका कूल १६०१ घरपरिवार मध्ये सबै भन्दा उच्च १३७५ वा ८६ प्रतिशत घरपरिवारले पाइपको धाराको पानी उपयोग गर्दछन् भने मूल तथा कुवाबाट १४९ अर्थात ९ प्रतिशत र नदी, कुलो, नहर, पोखरीबाट पानी उपभोग गर्ने घरपरिवारको संख्या ७५ अर्थात ६ प्रतिशत रहेको छ । यस गाउँपालिकाभित्र शौचालयको प्रयोगको अवस्थालाई हेर्दा ५०७ घरपरिवारको कच्ची शौचालय रहेका छ भने, ९४३ घरपरिवारको पक्की र १४९ घरपरिवारमा चर्पी नभएको अवस्था देखाउँछ । कच्ची शौचालयको अवस्थामा खाल्डो खनेर प्लाष्टिक, टिन वा बाँसले बारेका छन् । शौचालयको अवस्था हेर्दा यो गाउँपालिकामा शौचालय तथा सरसफाइको क्षेत्रमा थुप्रै काम गर्नुपर्ने देखिन्छ ।

**भवन तथा आवास :**

यस क्षेत्रका घरहरूलाई घरको पर्खालको प्रकारका आधारमा हेर्दा सबै भन्दा उच्च संख्यामा ढुङ्गा र माटो प्रयोग भएका घरहरूमा ६७ प्रतिशत घरपरिवार बस्ने गरेको देखिन्छ । बाँकी ३३ प्रतिशत घरपरिवारले ढुङ्गा र सिमेन्ट प्रयोग गरी घरको पर्खाल निर्माण गरेका छन् । यस गाउँपालिकमा रहेका जम्मा १५९९ घरपरिवार मध्ये ३१ प्रतिशतले खर वा फुस, ३६ प्रतिशत ढङ्गा, माटो, स्लेट, १४ प्रतिशत जस्तापाता र १९ प्रतिशत घरपरिवारले ढलानको प्रयोग गरी छाना वनाएका छन् ।

**शिक्षाः**

यस गाउँपालिकामा रहेका १९ वटा सामुदायिक तथा २ वटा संस्थागत विद्यालयहरू गरी जम्मा २१ वटा शैक्षिक संस्थाहरू रहेका छन् भने वालविकास केन्द्रहरू १२ वटा रहेका छन् । जसमा माध्यमिक तहसम्म पढाइहुने ३ वटा र १८ वटा आधारभूत विद्यालयहरू रहेका छन् । सामुदायिक विद्यालयमा रहेका शिक्षकहरूको संख्या विश्लेषण गर्दा स्थायी प्रा.वि.मा स्थायी १६, अस्थायी १०, र राहत १५, नि.मा.वि.मा स्थायी १, अस्थायी २ र राहत ६, मा.वि.मा २ स्थायी र ३ अस्थायी र उच्च मा.वि. मा अस्थायी १ र राहत ३ जना शिक्षक तथा शिक्षिका रहेका छन् ।

**स्वास्थ्य :**

राजनीतिक रूपमा ५ वडामा विभाजित यो गाउँपालकामा घरधुरी सर्वेक्षण २०७४ का अनुसार जम्मा स्वास्थ्य संस्थाहरू २ वटा रहेका छन जसमा सूर्मा स्वास्थ्यचौकी, दौलिचौर स्वास्थ्य चौकी रहेका छन् । यी दुईवटा स्वास्थ्य चौकीहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूमा स्वास्थ्य सहायक १ र अहेव ४, अनमी ८ जना रहेका छन् ।

**बैंक, वित्तीय संस्था तथा सहकारी :**

यस सूर्मा गाउँपालिकामा एभरेष्ट बैंक लिमिटेडको शाखा कार्यालय साथै नेपाल लाइफ इन्सौंसेन्स कम्पनीको शाखा कार्यालय रहेको छ । अफुसँग भएको निक्षेप गर्न होस वा कुनै पनि बैंकीङ कारोवारको लागि जिल्ला सदरमुकाम नै जानुपर्ने वाध्यता यहाँका जनताहरूमा रहेको छैन । यस गाउँपालिकामा बसेका यी दुई बैंक तथा वित्तीय संस्थाहरूले यहाँका जनतालाई आफ्नो सेवा प्रदान गरिरहेका छन् ।

**फोहरमैला व्यवस्थापनः**

घरधुरी सर्वेक्षण २०७५ अनुसार यस सूर्मा गाउँपालिकामा फोहरमैला व्यवस्थापनको लागि यहाँका मानिसले विभिन्नखाले विधि अपनाएको पाइएको छ । जसमा नदी वा खोल्सामा फाल्ने ५२ घरधुरी, फोहोर थुपार्ने ठाउँमा फाल्ने २५ घरधुरी, आफ्नै कम्पाउण्ठमा फाल्ने ३१ घरधुरी र  फोहोरमैला व्यवस्थापन बारे थाहा तछैन भन्ने १२१२ घरधुरीहरू रहेका छन् । उच्च भौगोलिक स्थितिमा अवस्थित यस गाउँपालिकामा जनसंख्याको बढ्दो अवस्थाले गर्दा यहाँ पनि फोहोरमैला बढ्दो क्रममा रहेको छ । यहाँका जनताहरूले किचनजन्य फोहोर मैलालाई गाइवस्तुलाई दानाको रूपमा खुवाउने वा मलखादमा जम्मा गरी मल बनाउने गरेको अवस्था रहेको छ ।

## २.२  सूर्मा गाउँपालिकको मानव संसाधनको अवस्था

स्थानीय तह दोस्रो निर्वाचन २०७९ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य सञ्चालन भई आएको छ । यस गाउँपालिकामा रहेको दरबन्दी अनुसार हाल निम्नानुसार कर्मचारीहरू कार्यरत रहेका छन् । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### २.२.१ सूर्मा गाउँपालिका मानव संसाधनको अवस्था

सूर्मा गाउँपालिकाको कार्यालयमा विभिन्न विषयगत शाखामा गरी कुल ६१ जना कर्मचारीहरू रहेका जसलाई पद अनुसार तलाको तालिकामा देखाइएको छ ।

| क्र.सं. | पद | पदपुर्ति | | |
|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा |
| १ | नि.प्र.प्र.अ. | | | १ |
| २ | अधिकृत छैठौ | | | १ |
| ३ | इन्जिनियर छैठौं | | | १ |
| ४ | शिक्षा अधिकृत छैठौँ | | | १ |
| ५ | ना.सु. | | | १ |
| ६ | सव इन्जिनियर | | | १ |
| ७ | आ.ले.प. सहायक पाँचौ | | | १ |
| ८ | सहायक पाँचौ | | | ६ |
| ९ | अ.स.ई. चौथो | | | १ |
| १० | खा.पा.से.ट. चौथो | | | १ |

| क्र.सं. | पद | पदपुर्ति | | |
|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा |
| ११ | वडा सचिव सहायक चौथो | | | ४ |
| १२ | सव इन्जिनियर | | | ४ |
| १३ | अ.स.ई. | | | १ |
| १४ | ना.स्वा.प्रा.श. | | | १ |
| १५ | का.स. | | | २१ |
| १६ | अ.हे.व. | | | ७ |
| १७ | ल्याव. असिस्टेन्ट | | | १ |
| १८ | करार अ.न.मी. | | | ५ |
| १९ | हे.अ. | | | १ |
| | सि.अ.न.मी. | | | १ |
| | **जम्मा** | | | **६१** |

## २.२.२ सूर्मा गाउँपालिकाकाको भौतिक सम्पत्तिको अवस्था

यस गाउँपालिकाको स्वामित्वमा वडा नं. १ र ४ को पक्की वडा भवन २ वटा र १ र ४ वडामै २ वटा स्वास्थ्यचौकी पक्की भवन रहेका छन् । यसका अतिरिक्त गाउँपलिकासँग रहेका गाडी, मोटरसाइकल, कम्प्युटर, कुर्सि, बेन्च, टेवलहरू पनि आवश्यक मात्रामा रहेका छन् । अन्य वडा भवनहरू तथा गाउँपालिका भवन निर्माणाधिन अवस्थामा रहेका छन् ।

# परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेद तीनमा सूर्मा गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरूलाई शीर्षकगत रूपमा विश्लेषण गरिएको छ। यस विश्लेषणले गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अन्तर्गत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ । तलको चित्रमा राजस्व अधिकारहरूलाई देखाइएको छ ।




सङ्घीय कानुन अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छः




चित्र ३: तहगत राजस्व अधिकार

## (क) गाउँपालिकाको एकल अधिकार:

### १) कर

- **सम्पत्ति कर:** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । ऐनमा "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*

- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।
- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा ।
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडीवुटी, कबाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीवुटी, बनकस (खर), कबाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

**२) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत ।
- **पार्किङ् शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

**३) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- गाउँपालिकाद्वारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) ।
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**४) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
  - एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**६) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

सङ्घीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)**

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरको मुल्य अभिबृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिशमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रूपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिश गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानुनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

यसरी गाउँपालिकाले आन्तरिक स्रोत अन्तर्गत राजस्वका विभिन्न शीर्षक अन्तर्गत राजस्व सङ्कलन गर्न सक्नेछन जस अनुसार प्रमुख क्षेत्रहरू कर राजस्व र गैह्रकर राजस्वका विभिन्न शीर्षक अनुसार कर वा दस्तुर लगाउन सक्नेछ । कर राजस्व तथा गैर कर राजस्वका शीर्षकहरू चित्र नं. ४ मा देखाइएको छ ।




चित्र ४: कर राजस्व तथा गैर कर राजस्वका शीर्षकह□

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

यस गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूमा अन्य कर/प्राकृतिक स्रोत साधन आय, सम्पत्ति, मालपोत, सिफारिश तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, घर बहाल कर, व्यवसाय कर, व्यवसाय कर आदि रहेका छन् । आ.व. २०७६/०७७ मा यथार्थ आय रु. ३० लाख ६८ हजार ७ सय ८४ र आ.व. २०७७/०७८ मा रु. ८१ लाख ९० हजार आम्दानी भएको देखिन्छ । त्यसैगरी चालू आ.व. मा रु. ५१ लाख अनुमान गरेको पाइन्छ ।

## ३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

सूर्मा गाउँपालिकामा उच्च पहाडी र हिमाली क्षेत्रको मिश्रित भू-भाग भएको हुनाले यहाँको आर्थिक क्रियाकलापको मुख्य आधार पर्यटन, कृषि, प्राकृतिक स्रोतसाधनहरू जस्तै हिमाल, ताल, वनजंगल, खनिज, जडीवुटी, खोला नदी आदि रहेका छन् । यहाँको खेतीयोग्य जमिनमा फलफूल, आलु, तरकारी, आदिको व्यवसायिक उत्पादन, सुन्दर तथा मनमोहक हिमाली दृष्य, ताल, घाँसेमैदान,

आदिले पर्यटन व्यवसायको प्रचुर सम्भावना रहेको छ । पर्यटन पूर्वाधारको शुरुवात भएको छ यसका परिमाण र गुणस्तरमा बृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ। यस्ता व्यवसायहरूको बिस्तार भएमा र उनीहरूलाई प्रत्यक्ष लाभदायी बनाई राजस्व सङ्कलन अभियानमा समावेश गराउन सकेमा करको दायरा थप फराकिलो हुने सम्भावना छ।

गाउँपालिकाका सबै वडा र बस्तीहरूलाई सडक सञ्जालले जोड्ने कार्यहरू भैरहेका छन् जसले गाउँपालिकाको उत्पादनले बजारको पहुँचलाई सहज बनाउँदै लगेको छ । स्थानीय कच्चा पदार्थहरूमा आधारित प्रारम्भिक प्रशोधन तथा निकासीको प्रबल सम्भावनाहरू देखिएका छन् भने विभिन्न किसिमका घरेलु तथा साना उद्यम र व्यवसायको विकास तथा बिस्तार हुन सक्ने अवस्था रहेको छ।

**तालिका ३: गाउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | छ | छैन | नभएको |
| | सम्पत्ति कर | छ | छ | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | छैन | नभएको |
| | घर जग्गा बहाल कर | छ | छ | भएको |
| | व्यवसाय कर | छ | छ | भएको |
| | जडीवुटी, कबाडी र जिवजन्तु कर | छ | छ | भएको |
| | विज्ञापन कर | छ | छ | नभएको |
| | मनोरन्जन कर | छ | छ | नभएको |
| ख. | अन्य राजस्व | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | छ | नभएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | छैन | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छ | छैन | नभएको |
| | नक्सापास दस्तुर | छ | छ | भएको |
| | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | छ | छ | भएको |
| | बहाल बिटौरी शुल्क | छ | छ | नभएको |
| | पार्किङ्ग शुल्क | छ | छ | नभएको |
| | अस्पताल सञ्चालन | छ | छ | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | छ | छ | नभएको |
| | स्थानीय खानेपानी महसुल | छैन | | |
| | स्थानीय विद्युत महसुल | छैन | | |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जीपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | छ | नभएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, बसपार्क, पुलआदि | छ | छैन | नभएको |
| | मूल्याङ्कन सेवा शुल्क | छ | छ | छ । |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर ( एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | छ | छ । |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | छ | नभएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | भएको |
| | दण्ड जरिवाना | छ | छ | भएको |

उल्लेखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले कर तर्फ ७ वटा शीर्षकहरूमा आय सङ्कलन गर्ने सम्भावना देखिन्छ । जस मध्ये गाउँपालिकाले हालसम्म ४ वटा शीर्षकहरू (सम्पत्तिकर, बहाल कर, जडीवुटी, जिवजन्तु कबाडी कर, विज्ञापन कर आदी) को करका दरहरू निर्धारण गरी राजस्व मात्र सङ्कलन गरिरहेको छ भने भूमिकर (मालपोत), विज्ञापन कर, मनोरञ्जन कर आदीको हालसम्म आर्थिक ऐनमा करको दर निर्धारण गरेता पनि राजस्व सङ्कलन गरेको छैन । त्यसैगरी गैर कर तर्फ समग्रमा जम्मा १८ वटा शीर्षकहरू मध्ये १६ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना देखिन्छ । हालसम्म यस गाउँपालिकाले जम्मा ८ वटा शीर्षकहरूमा दर निर्धारण गरी आय सङ्कलन गरिरहेको छ । गाउँपालिकालाई ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क, अस्पताल सञ्चालन, बहाल बिटौरी शुल्क, वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय, स्थानीय खानेपानी महसुल, स्थानीय विद्युत महसुल आदीको दर निर्धारण गरी आय सङ्कलन गर्ने अधिकार प्राप्त भएता पनि

यसको हालसम्म दर निर्धारण तथा सङ्कलन भएको छैन ।

## ३.३.१ कर राजस्व

गाउँपालिकाको राजस्वका स्रोतहरू मध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भैरहेको सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरू देहाय बमोजिम रहेका छन्:

### क. सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ । उक्त प्रावधान अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका घर र सो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः** गाउँपालिकाको आर्थिक ऐन २०७८ मा अनुसूची १ मा सम्पत्ति कर सम्बन्धमा एकिकृत सम्पत्तिकर कार्यविधि २०७५ बमोजिम कर लगाउने व्यवस्था गरेको छ । जस्मा एकीकृत सम्पत्ति कर लगाउन योग्य मुल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने, तथा भौतिक संरचनाको मुल्य प्रचलित बजार भाउबाट कायम हुन आएको मुल्यमा ह्रासकट्टी गर्ने, उल्लेख छ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ अनुसार एकिकृत सम्पत्तिकरलाई सम्पत्तिकरको रूपमा र भुमिकर छुट्टै रूपमा लिने व्यवस्था गरेको भएता पनि यस सम्बन्धमा गाउँपालिका अझै स्पषट भएको देखिदैन । साथै हालसम्म यस शीर्षकमा गाउँपालिकाले कर उठाएको देखिदैन ।

**सम्भावनाः** गाउँपालिका क्षेत्रमा रहेका कुल १६०१ घरपरिवार मध्ये ९९ प्रतिशत अर्थात् १५९५ घरपरिवार आफ्नै घरमा बस्ने गरेका छन् । त्यसैगरी, भाडामा बस्ने घरपरिवार संख्या ४ र अन्य खालको स्वामीत्व भएको घरमा बस्ने घरपरिवार २ रहेको छ । यस गाउँपालिकामा वि.सं. २०६८ को जनगणना अनुसार कुल १४१८ घरपरिवार रहेकोमा गाउँपालिकाले हालै २०७५ तयार गरेको वस्तुगत विवरण अनुसार कुल १६०१ घरपरिवार रहेको तथ्याङ्क उपलब्ध छ । सम्पत्ति कर सम्भाव्यता अनुमान प्रयोजनको लागि गाउँपालिका प्रोफाइलमा उल्लेख भए बमोजिम कूल घरधुरीको स्वामित्वमा भएका घरहरूलाई घरहरूलाई खर/परालले छाएका जस्ता/टिनको छानो भएका घर, ढुगांले छाएका घर, सिमेन्ट/ढलान आदी घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ । यस अनुसार हुन आउने सम्पत्ति करको गणना निम्न अनुसार रहेको छ :

**तालिका ४: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर**

| घरको छानाको बनौट | घर परीवार | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कूल आय रु. |
|---|---|---|---|
| खर/ पराल | ४९८ | ५०० | २४९००० |
| ढुङ्गा, माटो, स्लेट | ५७६ | ५०० | २८८००० |
| जस्ता/ टिन | २३० | १००० | २३०००० |
| सिमेन्ट/ढलान | २९५ | १५०० | ४४२५०० |
| नखुलेको | २ | ० | ० |
| **जम्मा** | **१६०१** | | **१२,०९,५००** |

*स्रोत: गाउँपालिका बस्तुगत विवरण, २०७४*

यस आधारमा विश्लेषण गर्दा उक्त १५९९ सम्भाव्य करदाताबाट सम्पत्ति कर स्वरूप वार्षिक रु. १२,०९,५०० सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ। सम्पत्ति कर प्रयोजनको लागि यहाँ आवश्यक विभिन्न तथ्याङ्कको अभावका कारण घरको बनौटलाई मात्र आधारमानि सम्भाव्यता निकालिएको छ। यद्यपी यस गाउँपालिकामा विभिन्न संस्थागत तथा आवासिय भवनहरू समेत रहेको हुँदा सम्पत्तिकर यहाँ आँकलन गरीएको भन्दा निकै बढी सम्पत्ति कर उठ्ने सम्भावना रहेको छ।

**सुधार गर्नुपर्ने पक्षहरूः** गाउँपालिका क्षेत्रमा रहेका घरजग्गा गाउँपालिकाको एक भरपर्दो आम्दानीको स्रोत हो। घरजग्गाहरूको वास्तविक मूल्याङ्कन, परिमार्जन, जनताहरूलाई कर तिर्नु दायित्व हो भन्ने बोध गराउने, जनताहरूको करतिर्न सक्ने क्षमता अनुसारको दर निर्धारण गर्ने, समयमा कर नतिर्ने करदाताहरूलाई दण्डजरिवानाको व्यवस्था गर्ने, राजस्व प्रशासनको समयसापेक्ष सुधार गर्ने आदि उपायहरूको अबलम्बन गरी सम्पत्ति कर सम्बन्धी व्यवस्थामा सुधार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

सम्पत्ति मूल्याङ्कन अनुसार कर निर्धारण गर्दा शुरु मुल्य रु. ५०,०००।- (पचासहजार) सम्मको सम्पत्तिमा रु. ५०।- र त्यसपछि सम्पत्तिको मुल्य अनुसार थप पचासहजारको सम्पत्तिमा -०।२० पैसा देखि सम्पत्तिको मुल्य बढ्दै जाँदा थप प्रति हजारमा रु. २।- सम्म वार्षिक कर लाग्ने गरी सम्पत्ति करको दर निर्धारण गर्नु उपयुक्त हुन्छ। यसका लागि गाउँपालिकाले एउटा छुट्टै सम्पत्ति कर निर्देशिका जारी गरी सोही बमोजिम कार्यान्वयन गर्न उचित देखिन्छ। घरमुली महिला वा महिलाको स्वामीत्वमा रहेको सम्पत्ति भएमा त्यस्तो सम्पत्तिमा केही प्रतिशत छुट दिने गरी ऐनमा व्यवस्था गर्न सकिने छ। राजस्व शाखामा कम्प्युटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा विल काट्ने गरिएमा काम छिटोछरितो, सजिलो हुनका साथै मानवीय कमजोरीबाट हुने त्रुटीमा कमी ल्याउन सकिन्छ।

## ख. भूमिकर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खेतीयोग्य जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकार (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ। तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरेको छ।

**विद्यमान अवस्थाः** भूमिकर, गाउँपालिकाको एउटा प्रमुख र दिगो राजस्वको स्रोत हो। गाउँपालिकाको कूल क्षेत्रफल २७०.८० वर्ग कि.मी मध्ये १४६.४ वर्ग कि.मी (५४%) वन रहेको छ भन ४६ % खेतियोग्य भूमि लगाएत अन्य क्षेत्र रहेको देखिन्छ। घरघडेरीको रूपमा उपयोग हुने जमिनलाई छुट्याएर बाँकी रहेको जमिनमा भूमिकर लगाउन सकिन्छ। गाउँपालिकाको आर्थिक ऐन २०७८ अनुसार हालसम्म भूमिकर लिने व्यवस्था गरेको छैन। यसैगरी बिलम्ब वापत शुल्क थप गर्ने व्यवस्था रहेको छैन।

**करको सम्भावनाः** यस गाउँपालिकाको भित्रको क्षेत्रमा घर बस्ती भएको क्षेत्रमा सम्पत्ति कर लगाएको बाहेकको जमिनलाई उपयोगको आधारमा मूल्याङ्कन गरी भू-उपयोग ऐनको प्रावधान अनुसार कृषि

क्षेत्र, आवासिय क्षेत्र, व्यवसायिक क्षेत्र लगायत अन्य तोकिएका क्षेत्रमा वर्गिकरण गरी कर निर्धारण गरिएमा हालको भन्दा बढीकर असुल हुन सक्ने सम्भावना रहेको देखिन्छ। गाउँपालिकाको प्रोफाइल २०७४ अनुसार यस गाउँपालिकामा करीब १३९५ हेक्टर खेतियोग्य जमिन रहेको छ।

**तालिका ५: सम्भाव्य भूमिकर**

| खेती गरिएको जग्गाको किसिम | क्षेत्रफल (हे) | क्षेत्रफल (रोपनी) | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कूल आय रु. |
|---|---|---|---|---|
| खेत | १२० | २४०० | २० | ४८००० |
| पाखो वारी | १२७५ | २५५०० | १५ | ३८२५०० |
| **जम्मा** | **१३९५** | **२७९००** | | **४,३०,५००** |

*स्रोत: गाउँपालिका बस्तुगत विवरण, २०७४*

गाउँपालिकाले तयार गरेको वस्तुगत विवरण अनुसार गाउँपालिकामा कुल खेती गरिएको जमिन २७,९०० रोपनी रहेको र प्रस्तावित मालपोत दरलाई सन्दर्भ सामाग्रीका रूपमा प्रयोग गरिएको छ र सोही मूल्याङ्कनका आधारमा जग्गाको मुल्य गणना गरी प्रति रोपनी औसत मालपोत कर गणना गर्दा गाउँपालिकाले मालपोत वापत कुल रु. ४ लाख ३० हजार ५०० सङ्कलन गर्न सक्ने देखिन्छ।

**सुधार गर्नुपर्ने पक्षहरू:** गाउँपालिका क्षेत्रमा रहेको जमिनलाई नयाँ भूमि सम्बन्धी ऐनको प्रावधान बमोजिम वर्गिकरण गरी भूमिको उपयोग अनुसार सम्पत्ति कर लगाए बाहेकको जमिनलाई खेती प्रयोजनमा प्रयोग भएको, सडकले नछोएको जमिनमा मालपोत मात्र र सडक यातायातले छोएको, घडेरीको रूपमा विकास हुन सक्ने जमिनमा थप भूमिकर लगाउने गरी प्रगतिशिल किसिमको भूमिकर लगाउने र बक्यौताको विवरण तयार गरी सो उठाउन पनि पहल गर्नुपर्ने देखिन्छ। प्रगतिशिल र व्यवहारिक भूमिकरको दर निर्धारण र असुली गर्न देहाय बमोजिमका उपायहरू उपयुक्त हुने देखिन्छ।

१. मालपोतको दर निर्धारण गर्दा जमिनको उत्पादकत्व, वार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उचित हुन्छ।
२. सडक यातायातको सुविधामा जोडिएको जमिनको व्यवसायिक महत्व बढी हुने भएकोले त्यस्ता जमिनमा थप भूमिकर लगाउनु उपयुक्त हुन्छ र त्यस्ता जमिनमा भौतिक संरचनाहरूको निर्माण भएमा स्वत: सम्पत्ति करको दायरामा आउने हुनाले बाँकी रहेको जमिनको करको दर सामान्य हुनुपर्छ।
३. मालपोतको दर निर्धारण गर्दा जमिनको उत्पादनलाई मौद्रिक मुल्यमा रूपान्तरण गरी आय र लगानीको विश्लेषण गरी बचत रकमको ५ देखि १०% सम्म वार्षिक मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ।
४. प्रगतिशील मालपोत दर कायम गर्न शुरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमश: दर बढाउँदै जानु उपयुक्त हुन्छ।
५. सामुहिक खेतीतर्फ आकर्षित गर्न, लैङ्गिक समानता कायम गर्न र आर्थिक रूपले विपन्न परिवारलाई सहुलियत दिन सहकारी मार्फत गरिने सामुहिक खेती, गरिब किसान र महिलाका

नाममा भएको कृषि जमिनमा स्थानीय कानुन अनुसार ५०% सम्म शुल्क छुट दिन सकिने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ।

६. स्थानीय स्तरमा उद्योग प्रयोजनार्थ तथा व्यवसायिक हिसाबले जडीवुटी स्याउ, फलफूल बगैंचा, कृषिफार्म सञ्चालन गर्ने कृषकहरूलाई गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था गरी प्रोत्साहन स्वरूप २०% सम्म रकम छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ।

## (ग) घरजग्गा बहाल कर:

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर,पसल, ग्यारेज, गोदाम, भवन, टहरा, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रूपले बहालमा लिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ।

**विद्यमान अवस्था:** गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था गरे बमोजिम घरजग्गा बहालमा लगाए वापत बहालमा लगाएको शुल्कको १०% का दरले घरजग्गा बहाल कर असुलउपर गर्दै आएको छ।

**करको सम्भावना:** गाउँपालिका प्रोफाइल २०७४ अनुसार यस गाउँपालिका क्षेत्रभित्र एउटा बाणिज्य बैंक, एउटा विकास बैंक, एउटा सहकारी संस्था रहेका छन्। कुल विद्यालय मध्ये २ वटा संस्थागत विद्यालय पनि रहेको देखिन्छ। यस गाउँपालिकामा करीब २५ वटा वटा गै.स.स. रहेको अनुमान गरिएको छ। त्यसैगरी, भाडामा बस्ने घरपरिवार संख्या ४ रहेको छ। व्यक्ति र संस्था गरी गाउँपालिका भरीमा कूल ७३ जना घर बहालमा बस्ने अनुमान गरिएको छ। व्यक्ति र संस्थाका लागि प्रस्तावित विभिन्न दररेटको आधारमा घरबहाल कर सङ्कलन गर्दा कूल रु. १,०२,९६,००० घर बहाल उठ्ने र गाउँपालिकाको आर्थिक ऐन अनुसार १०% का दरले घरबहाल कर सङ्कलन गर्दा वार्षिक कूल रु. १०,२९,६०० घर बहाल कर उठ्न सक्ने सम्भाव्यता पेश गरिएको छ। यसलाई तालिका ५ मा प्रस्तुत गरिएको छ।

**तालिका ६: घरजग्गा बहाल करको सम्भाव्यता विवरण**

| क्र.सं. | बहालमा बस्ने प्रयोजन | संख्या | बहालमा बस्ने अनुमानित संख्या | अनुमानित औसत भाडा रकम | वार्षिक भाडा रकम | घरबहालको १०% का दरले हुने आम्दानी |
|---|---|---|---|---|---|---|
| १ | वित्तीय संस्था | ३ | ३ | ३०,००० (प्रति महीना) | १०८०००० | १०८००० |
| २ | सामाजिक संस्था | २५ | २० | २०,००० (प्रति महीना) | ४८००००० | ४८०००० |
| ३ | उद्योग/व्यवसाय | ३९ | १५ | २०,००० (प्रति महीना) | ३६००००० | ३६०००० |
| ४ | संस्थागत विद्यालय | २ | २ | ३०,००० (प्रति महीना) | ७२०००० | ७२००० |
| ५ | बहाल (व्यक्ति) | ४ | ४ | २,००० (प्रति महीना) | ९६००० | ९६०० |
| | | | | | **जम्मा** | १०,२९,६०० |

*स्रोत: गाउँपालिका बस्तुगत विवरण, २०७४*

**सुधार गर्नुपर्ने पक्षहरू:** व्यवसायिक तथा आवासिय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक भाडा अनुसारको लगत तयार गरी बहाल करको स्वीकृत दर बमोजिमको प्रभावकारी कार्यान्वयन गर्न घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्नुपर्ने देखिन्छ। दुई-दुई वर्षमा घरजग्गा बहाल करको दर पुनरावलोकन गर्नुपर्दछ।

**(घ) व्यवसाय कर:**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ।

**हालको अवस्था:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरूलाई थोक तथा खुद्रा पसल, निर्माण सामाग्री, विशेष परार्मस, उत्पादन मुलक, सेवा उद्योग, वित्तीय सेवा, स्टेशनरी तथा पुस्तक पसल, माछामासु तथा फलफुल पसल, अस्पताल, शिक्षण संस्था, शैलुन, लगायतका विभिन्न व्यवसाय किसिममा वर्गीकरण गरी वार्षिक व्यवसाय करको दर निर्धारण गरेको छ। व्यवसाय कर न्यूनतम रु. ३०० देखि अधिकतम रु.२,००० सम्म तोकिएको छ।

**करको सम्भावना:** गाउँपालिका प्रोफाइल २०७४ अनुसार यस गाउँपालिकामा व्यापार र व्यवसायको संख्या हेर्दा २३९ घरपरीवार व्यवसायमा संलग्न छन। यसैगरी जम्मा ३६ वटा व्यवसायहरू विधिवत् रूपमा दर्ता भइ सञ्चालनमा रहेका छन्। व्यवसायहरू मध्ये सबैभन्दा उच्च संख्यामा किराना पसलहरू सञ्चालन रहेका छन्। यहाँ सञ्चालनमा रहेका उद्योग व्यवसायहरूलाई होटल तथा रेष्टुरेण्ट, लघु तथा घरेलु उद्योग, बैंक तथा वित्तीय संस्था, किराना, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स पसल, कस्मेटिक तथा व्युटी पार्लर, कपडा तथा फेन्सी, तथा अन्यमा वर्गिकरण गरी स्थानीय उद्योग वाणिज्य सङ्घको सहकार्यमा कर निर्धारण गरी राजस्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ। हालै केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिकामा २५६ वटा व्यवसाय रहेका र ७१४ जना व्यवसायमा संलग्न रहेको देखिन्छ।

**तालिका ७: व्यवसाय सम्बन्धी विवरण**

| व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| कृषि, वन, माछा पालन | १२ | ५०० | ६००० |
| निर्माण व्यवसाय | ३६ | १००० | ३६००० |
| खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ४ | १००० | ४००० |
| थोक तथा खुद्रा व्यापार | १५४ | ८०० | १२३२०० |
| ढुवानी, भण्डारण, सूचना र सञ्चार | १ | १५०० | १५०० |

| व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| होटल, लज | ४ | १५०० | ६००० |
| वित्त, वीमा | ० | २००० | ० |
| शिक्षा | २२ | १५०० | ३३००० |
| मानव स्वास्थ्य र समाजिक कार्य | २० | १००० | २०००० |
| घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य | ३ | १००० | ३००० |
| | | **जम्मा** | २,३२,७०० |

*श्रोत: आर्थिक सर्वेक्षण २०७५, केन्द्रिय तथ्याङ्क विभाग*

यस टेबुलको आधारमा विश्लेषण गर्दा व्यवसाय कर असुली गर्दा रु.२,३२,७०० सङ्कलन हुने संभावना देखिन्छ। यसैगरी नयाँ व्यवसाय दर्ता तथा नविकरण गर्दा यो राजस्व रकम अझ बढ्न सक्ने देखिन्छ।

**सुधार गर्नुपर्ने पक्षहरू:** गाउँपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउन गाउँपालिका अन्तर्गतका सम्पूर्ण उद्योग, व्यापार तथा व्यवसायहरूलाई अनिवार्य दर्ता प्रकृयामा ल्याई तिनीहरूको पूँजिगत लगानी, आम्दानी, मुनाफा, सेवा जस्ता पक्षहरूलाई विश्लेषण गरी करको दर निर्धारण गर्नुपर्ने देखिन्छ। गाउँपालिकाले कर प्राप्त गरे वापत करदाताहरूले अपेक्षा गरे अनुसार फोहरमैला व्यवस्थापन, सरसफाइको व्यवस्था, सुरक्षा निकायको उपस्थिति जस्ता केही सेवा र सुविधाहरूलाई राजस्व परिचालनसँग आवद्ध गरी कार्यान्वयन गर्नु उचित देखिन्छ। कर अभियान सञ्चालन गरी कर सचेतना अभिबृद्धि गर्नुका साथै यस सम्बन्धी नागरिकका गुनासाहरूको सुनुवाई गरी जायज गुनासाहरूको सम्बोधन गर्नु पर्दछ। कर प्रशासनमा दण्ड र पुरस्कारको व्यवस्थालाई नियमित प्रक्रियाको रूपमा स्थापित गर्नुपर्दछ।

### (च) विज्ञापन कर

विज्ञापन ऐन, २०७६ को दफा ४ अनुसार सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्ने व्यवस्था रहेको छ। सोही दफाको उपदफा ६, मा विज्ञापन सम्बन्धी निवेदन, दस्तुर, अवधि लगायतका विषयहरू सम्बन्धित स्थानीय कानुन बमोजिम हुने समेत उल्लेख गरिएको छ। यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था रहेको छ।

**विद्यमान अवस्था:** गाउँपालिकाको आर्थिक ऐन, २०७८ दफा ८ मो अनुसुची ७ अनुसार विज्ञापन कर लगाइने र असुल उपर गरिएको थियो भनी उल्लेख गरिएको छ। यस गाउँपालिकामा यो शीर्षकबाट हालसम्म रकम असुल गरेको छैन।

**करको सम्भावना:** बझाङ जिल्लाको उत्तरी भागमा अवस्थित सूर्मा गाउँपालिकाको कुल क्षेत्रफल २७०.८१ वर्ग कि.मी. रहेको छ । सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक, शैक्षिक, संचार र पूर्वाधारको क्षेत्रमा पछाडी रहेको यो गाउँपालिका जयपृथ्वी नगरपालिकासंग जोडिएको भएतापनि भौगोलिक रूपमा विकट छ । सूर्मा गाउँपालिका जिल्ला सदरमुकाम चैनपुर भन्दा १० कि.मी. टाढा रहेको छ । यस गाउँपालिकामा सूर्मा, दौलिचौर, डोगडी बजार क्षेत्र हरू रहेका छन् । सो बजार क्षेत्रमा गाउँपालिकाले विभिन्न किसिमका होर्डिङ बोर्डहरू लगाउन अनुमति दिइ बिजज्ञापन कर लगाउन सक्छ । यस्ता क्षेत्रहरूमा विभिन्न विज्ञापन सामग्री राख्ने स्थानहरू रहेका र भविष्यमा अझ बढी बृद्धि हुँदै जाने सम्भावना रहेको हुनाले विज्ञापन कर शीर्षकमा आम्दानी बढ्न सक्ने सम्भावना रहेको छ । गाउँपालिकाको केन्द्र र अन्य स्थानीय बजार क्षेत्रमा साना बोर्ड करिब २० वटा, ठुला तथा मझौला बोर्ड १० वटा, फ्लेक्स प्रीन्ट ७० वटा, एक महिने आयु हुने ब्यानर २८० वटा र व्यवसायीहरूको १९० वटा विज्ञापन सामग्री हुन सक्ने देखिन्छ र साना बोर्डको रु. ५००, ठुला तथा मझौला बोर्डको रु. ८००, फ्लेक्स प्रीन्टको रु. २५०, एक महिने आयु हुने ब्यानरको दर ७५ र व्यवसायीहरूको विज्ञापन सामग्रीलाई रु. २५० को दरले कर लगाई विज्ञापन कर लिंदा निम्न बमोजिम रकम सङ्कलन हुने अनुमान गरिएको छ ।

**तालिका ८: सम्भावित कर सम्बन्धी विवरण**

| सि.नं. | होर्डिं बोर्डका किसिम | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | साना बोर्ड | २० | ५०० | १०००० |
| २ | ठुला तथा मझौला बोर्ड | १० | ८०० | ८००० |
| ३ | फ्लेक्स प्रीन्ट | ७० | २५० | १७५०० |
| ४ | एक महिने आयु हुने व्यानर | २८० | ७५ | २१००० |
| ५ | व्यवसायिहरूले राखेका बोर्ड | १९० | २५० | ४७५०० |
| | | | **जम्मा** | **१०४०००** |
| | | | **गाउँपालिकाले प्राप्त गर्ने कर ६० %** | **६२४००** |

**सुधार गर्नुपर्ने पक्षहरू:** गाउँपालिका क्षेत्रमा रहेका विज्ञापन स्थल तथा व्यापारिक प्रयोजनका विज्ञापन सामग्रीहरूको लगत राखी सो को नियमन गर्ने र सङ्कलन हुनसक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्नुपर्ने देखिन्छ ।

### ज) कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर

**हालको अवस्था:** हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् गाउँपालिकाहरूले कृषि तथा पशु पंक्षीमा आधारित व्यवसायिक कारोवारको अनुमति तथा त्यस्तो कारोवारमा कर लिन सक्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाले यस शीर्षकमा हालसम्म राजस्व सङ्कलन गरेको छैन ।

**सम्भावना:** यस गाउँपालिकाको बस्तुगत विवरण अनुसार यस गा.पा.बाट करीब ५०० किलो मासु जन्य उत्पादनहरू छिमेकी जिल्लाहरू वा नजिक को स्थानीय तहमा निकाशी हुने उल्लेख छ। यसै गरी घ्यु, मह समेत निकासी हुने उल्लेख छ । यस अनुसार यस गाउँपालिकाले कृषि जन्य उत्पादनबाट करीब रू. ५०,००० राजस्व सङ्कलन गर्न सक्ने अनुमान गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:**

- गाउँपालिकाबाट हुने कृषि जन्य उत्पादनको निकासी सम्बन्धी अभिलेख सङ्कलन गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाले कृषि उत्पादनको निर्यातमा लगाउने कर सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

**(ज) अन्य कर:**

**१. जडीवुटी, कबाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीवुटी, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिका वस्तुको व्यवसायिक उपयोग गरे वापत गाउँपालिकाले जडीवुटी, कबाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:** गाउँपालिका जडीवुटी, कबाडी र जीवजन्तुको व्यवसायिक करको प्रचुर सम्भावना रहेको भएता पनि कर सङ्कलन गरेको देखिँदैन ।

**करको सम्भावना:** यस गाउँपालिकामा विशेष गरेर यार्सागुम्वा, पाँचऔले, कटुकी, वन लसुन, सर्पगन्धवाला, गुच्ची च्याउ, हर्रो/वर्रो जस्ता जडीवुटी उत्पादन हुने गरेका छन् । यसैगरी माथिल्लो तथा उच्च हिमाली भेगमा जटामसी, लौठसल्ला, शिलाजित लगायतका महत्वपूर्ण प्रजातिका जडीवुटीहरू पाइन्छ । तसर्थ यहाँ व्यवसायीक किसिमले जडीवुटी सङ्कलन तथा बिक्री वितरण गर्ने पेशा व्यवसायीहरू समेत रहेका छन् । यहाँको बजार क्षेत्रमा विभिन्न किसिमका कबाडी वस्तु त्पादन तथा बिक्री वितरण हुने भएता पनि यस्ता व्यवसायीहरू करको दायरामा आइसकेका छैनन् । गाउँपालिका क्षेत्रमा रहेका वनमा जडीवुटी खेती प्रवर्द्धन तथा बजारीकरण र जीवजन्तुहरूको व्यवसायिक कारोवारका लागि बजार केन्द्रको व्यवस्थापन गरी राजस्व बृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

**तालिका ९: जडीवुटीको विवरण**

| क्र. सं. | बस्तु | उत्पादन परीमाण (के.जी.) | करको दर | सङ्कलन हुन सक्ने रकम (रू.) |
|---|---|---|---|---|
| १ | जडीवुटी | ५०,००० | ५ | २,५०,००० |
| २ | कबाडी | १,००,००० | २ | २,००,००० |
| | | | **जम्मा** | **४,५०,०००** |

यस टेबुलको आधारमा विश्लेषण गर्दा जडीवुटी, कबाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर असुली गर्दा रु. ४,५०,००० सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** जडीवुटी, कबाडी र जीवजन्तुको व्यवसायिक उपयोग करमा सुधार गर्नका लागि ऐनले व्यवस्था गरे बमोजिमका सबै व्यवसायलाई गाउंपालिकामा दर्ता गर्न लगाई त्यस्ता व्यवसाय सञ्चालन गर्न इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्नुपर्ने देखिन्छ । करदाताहरूलाई आकर्षित गर्नका लागि छिमेकी स्थानीय तहहरूसँग समन्वय गरी करमा एकरूपमा ल्याउनु पर्ने देखिन्छ । जडीवुटी, कबाडी र जीवजन्तुको व्यवसायिक कारोवार गर्ने व्यवसायीहरूको कारोवारको आधारमा कर निर्धारण गरी सङ्कलन गर्नुपर्ने देखिन्छ ।

## २. सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आयकर

**हालको अवस्था:** हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरूबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्याङ्क छैन ।

**सम्भावना:** यस गाउँपालिकामा ११ वटा सामुदायिक वनहरू, १ वटा कबुलियती वन, १ धार्मिक वन रहेका छन् । स्थानीय जनताहरू यी वनहरूवाट धाँस, दाउरा, स्याउला, सोतर, काठहरूको उपभोग गरिरहेका छन् । गाउँपालिका प्रोफईल अनुसार यस गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न सामुदायिक वनहरू र सरकारी वनहरूमा सुगन्धवाल, कटुकी, पाषणवेद, लोक्ता जस्ता बहुमुल्य जडीवुटीहरू पाइने गर्दछन् । जडिजुटीहरूको धनी क्षेत्रका रूपमा चिनिने सूर्मा गाउँपालिकाका स्थानीय जनताहरूले जडिवुटीको सङ्कलन तथा बिक्रिबाट राम्रै आम्दानी गरिरहेका छन् । जडिवुटीहरूका संरक्षण, सम्बर्द्धन र दिगो व्यवस्थापनमा गाउँपालिकाको ध्यान पुग्न सकेमा यस भेगका बासिन्दाहरूको आयआर्जनमा अभिबृद्धि हुनका साथै गाउँपालिका समेत सम्पन्न हुनेमा कुनै शंका छैन । जडिवुटीवाट वार्षिक आम्दानी र राजस्व सङ्कलनमा वारेमा कुनै तथ्याङ्क प्राप्त हुन सकेको छैन । यसै गरी गाउँपालिकामा रहेका सामुदयिक वनबाट वन पैदावारको रूपमा फर्निचरको लागि आवश्यक काठ समेत निकासी गर्दछ । यस गाउँपालिकामा सामुदायिक वनहरूबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्याङ्क नभएकाले आगामी आ.व.मा गाउँपालिकाको

कार्यपालिका बैठकको निर्णय बमोजिम जडीवुटी कर र काठ निर्यात कर निर्धारण गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा रहेका १३ वटा सामुदायिक वनले बिक्री गरेका बन पैदावार वापत प्रति सामुदायिक वनले रू १०,००० को दरले वन पैदावार वापत स्थानीय तहलाई तिर्नुपर्ने रकम तिर्दा रू १,३०,००० रकम सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरूः**

- गाउँपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख सङ्कलन गर्ने ।
- सामुदायीक वन पैदाव बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना गाउँपालिकाले स्वीकृत गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## ३.३.२ गैरकर राजस्व

गाउँपालिकाले प्राप्त गर्न सक्ने राजस्वको एक प्रमुख स्रोतको रूपमा गैरकर राजस्व पनि हो । यस अन्तर्गत सेवा शुल्क, दस्तुर, बिक्रीबाट प्राप्त आय लगायतका स्रोतहरू महत्वपूर्ण रहेका छन् ।

### (क) बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (क) मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी आदिको बिक्री गर्न सक्ने र बिक्री गरेर प्राप्त गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

**विद्यमान अवस्थाः** गाउँपालिका क्षेत्रमा स्लेट, ढुङ्गा, गिट्‌टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गरी गैरकर राजस्व प्राप्त गर्न सक्ने सम्भावना भएता पनि वर्तमान अवस्थासम्म प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको देखिँदैन । गाउँपालिकाले यस शीर्षक अन्तर्गत हालसम्म राजस्व सङ्कलन गरेको छैन । निजी सम्पत्तिबाट साधारण निर्माणमुखी खानीजन्य पदार्थहरूको उत्खनन् तथा उपयोगका लागि गाउँपालिकाले नै कार्यविधी तर्जुमा गरी इजाजत दिने र त्यसबाट उत्पादित वस्तुमा दस्तुर लगाउन सकिने कानुनी व्यवस्था रहको हुनाले निजि जमिनबाट उत्पादित वस्तुमा दस्तुरको दर निर्धारण गरी राजस्व सङ्कलनको व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

**करको सम्भावनाः** यस गाउँपालिका स्थानीय पूर्वाधार विकासको प्रारम्भिक चरणमै रहेको हुनाले निर्माण सामग्रीहरूको अत्याधिक माग बृद्धि हुँदै जान सक्ने देखिन्छ । यहाँका नदी तथा खोलाहरूबाट र वन क्षेत्रबाट प्राकृतिक वस्तुहरूको उत्पादन र बिक्री तथा उपयोगको प्रचुर सम्भावना रहेको देखिन्छ । यस गाउँपालिका भित्र वहने व्यासी मेरे खोला, वाउली गाड, दौलीगाड, सेलागाड जस्ता बाह्रै महिना वहने खोलाहरू यस क्षेत्रमा रहेका छन् जस्ता नदी खोलाहरूमा प्रचुर मात्रामा बालुवा,

ढुङ्गाको सम्भावना रहेको हुँदा यी क्षेत्रहरूबाट करीब रू. २०,००,००० जति सङ्कलन गर्न सक्ने अनुमान गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** गाउँपालिका अन्तर्गतका खानीजन्य तथा प्राकृतिक वस्तुहरूको परिमाण, गुणस्तर र वातावरणीय पक्षका विषयमा अध्ययन गरी सोको आधारमा परिचालनका लागि पहल गर्नुपर्ने र हालै नेपाल सरकारले जारी गरेको ढुंगा गिट्टी बालुवा उत्खनन् तथा बिक्री वितरण सम्बन्धी मापदण्ड, २०७७ बमोजिम वातावरणीय परीक्षण तथा उत्खनन्, व्यवस्थापन र बिक्री वितरण गर्न आवश्यक सुधार समेत गर्नुपर्ने देखिन्छ । कानुनको मनसाय अनुसार गाउँपालिकाले आफ्नै आर्थिक ऐन मार्फत यसको दर निर्धारण गर्नुपर्ने र प्रारम्भिक वातावरणीय परीक्षण पनि आफैले स्वीकृत गर्नुपर्ने देखिन्छ ।

### (ख) बहाल बिटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका भौतिक संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउन सकने व्यवस्था गरेको छ ।

**विद्यमान अवस्था:** गाउँपालिकाको गाउँ क्षेत्रको सडकको दायाँबायाँ तथा सूर्मा बजार क्षेत्रमा घरटहराहरू अस्थायी रूपमा बसोबास गरी विभिन्न व्यापार, व्यवसाय तथा जिविकोपार्जनका गतिविधीहरू गरिरहेको अनुमान गरिएको छ । गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा ९ मा अनुसुची ८ अनुसार ले गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेका हाटबजार वा पसलमा वा सरकारी जग्गाहरूमा बनेका संरचनाहरूको उपयोग वापत वार्षिक रु.५०० का दरले बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने उल्लेख गरिएको छ । यस शीर्षकमा गाउँपालिकाले हालसम्म शुल्क असुल गरेको छैन ।

**शुल्कको सम्भावना:** गाउँपालिकाभित्रका अधिकांश वडाहरूमा सार्वजनिक जग्गा रहेको देखिन्छ । यी जग्गाहरू चरन, पुजापाठ, खेलकुद अन्न उत्पादन तथा घाँसे मैदानका रूपमा प्रयोग गरिएको पाइन्छ । यहाँ गाउँपालिकाले विभिन्न हाट बजारहरू सञ्चालन गरी बहाल बिटौरी शुल्क ऊठाउन सक्छ । यसरी सबै तथ्याङ्कहरू अपडेट गरी आगामी वर्ष यस विषयमा करिब रू. १,५०,००० सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ । गाउँपालिकाभित्र सडकको दायाँ र बायाँ निर्माण भएका कतिपय संरचनाहरू सडक बिस्तारसँगै भत्काउनु पर्ने अवस्थामा रहेका देखिन्छन् भने बाँकी संरचनाहरू र अन्य सार्वजनिक जग्गामा बनेका घरटहरा लगायतका संरचनाहरूलाई स्थानीय कर अर्थात बहाल बिटौरी शुल्कको दायरामा ल्याउनुपर्ने हुनाले सरकारी जग्गामा निर्माण भएका यस्ता संरचनाहरूको पहिचान, लगत तयार पारी गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिमको दर कायम गरी राजस्व असुली गर्न सकिने सम्भावना रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** गाउँपालिकाभित्र रहेका सडक अधिकार भित्रका सार्वजनिक, ऐलानी, पर्ति सरकारी तथा सामुदायिक जग्गाको खोजीगरी लगत तयार गर्नुपर्ने देखिन्छ । बहाल बिटौरी शुल्कको

सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरूको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ। सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामीत्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रवन्ध सम्बन्धित गाउँपालिकाले गर्नुपर्ने भएकोले आफ्नो क्षेत्रभित्रका यस्ता जग्गाहरूको खोजीगरी लगत व्यवस्थापन गर्नुपर्ने हुन्छ। यसैले गाउँपालिकाले सर्बप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने र आर्थिक ऐनमा दर निर्धारण गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने हुन्छ।

**(ग) नक्शापास दस्तुरः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्शापास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था गरिएको छ। यस ऐनको दफा ३३(४) मा भवन निर्माण गर्न अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

**विद्यमान अवस्थाः** गाउँपालिकाको आर्थिक ऐन २०७८ को अनुसुची ११ मा नक्शापास दस्तुर निर्धारण गरिएको छ। गाउँपालिकाले आर्थिक ऐनमा नक्शापास सम्बन्धी व्यवस्था गरेतापनि हाल सम्म यो शीर्षकमा गाउँपालिकाले कुनै राजस्व उठाएको छैन।

**दस्तुरको सम्भावनाः** गाउँपालिका भित्र बिस्तारै बजारीकरण हुँदै गएको कारण आगामी दिनहरूमा पक्की घरहरू निर्माण हुँदै जाने सम्भावना बढ्दै गैरहेको छ। अब नयाँ बन्ने संरचनाहरू राष्ट्रिय भवन मापदण्ड तथा गाउँपालिकाको आफ्नै भवन मापदण्ड तयार पारी सोही बमोजिम नियमन गर्नुपर्ने देखिन्छ। अब बन्ने संरचनाहरूका लागि नक्शापास अनिवार्य गराई सो कार्यका लागि प्राविधीक सेवा उपलब्ध गराए वापत शुल्क निर्धारण गर्दा राजस्व बृद्धि हुने सम्भावना देखिन्छ। पहिलेनै बनेका घरहरूको अभिलेखीकरण तथा नयाँ बन्ने घरको नक्सापास गर्ने गर्दा उल्लेख्य मात्रामा राजस्व सङ्कलन हुने देखिन्छ। यस गाउँपालिकाको बस्तुगत विवरण अनुसार यस गा.पा. मा रहेका १५९५ वटा घरको अभिलेखीकरण गर्दा प्रती घर रू २०० को दरले कर उठाउँदा रू. ३,११,००० उठ्न सक्ने देखिन्छ। यसै गरी नयाँ घर बन्दा नक्शा पास, निर्माण सम्पन्न प्रमाण आदी वाफत यस शीर्षकमा राजस्व अझ बढी सङ्कलन हुन सक्छ।

**सुधार गर्नुपर्ने पक्षहरूः** गाउँपालिकाले आफ्नै भवन निर्माण मापदण्ड निर्माण गरी त्यसले व्यवस्था गरे बमोजिम अब निर्माण हुने र निर्माण भैसकेका संरचना सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। मापदण्ड अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने, र नक्शापास मापदण्ड बन्नु पूर्व निर्माण भएका घरहरूको अभिलेखीकरणका लागि दस्तुरको दर आर्थिक ऐनमा समावेश गरी त्यसको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

**(घ) घरजग्गा रजिष्ट्रेशन दस्तुरः**

**विद्यमान अवस्थाः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिबाट अर्को व्यक्तिमा

स्वामीत्व हस्तान्तरण गर्दा घरजग्गा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको असुल गरिएको राजस्वको ६०% रकम प्राप्त गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले यस्तो स्वामीत्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरेतापनि सङ्घीय सरकारको मातहतमा रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख हस्तान्तरण भइनसकेको र गाउँपालिकामा जनशक्ति पर्याप्त नरहेकोले हालसम्म पनि जिल्ला मालपोत कार्यालयले नै तोकिएको दस्तुर असुलउपर गरी असुल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रूपमा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ ।

घरजग्गा रजिष्ट्रेशनको दर निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्याङ्कन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य सङ्घको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले वार्षिक रूपमा गरेको न्यूनतम मूल्याङ्कन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ । गाउँपालिकाले यस्तो मूल्याङ्कन वास्तविक रूपमा कारोवार हुने गरेको मुल्य भन्दा फरक नपरोस भन्नाका लागि आफ्नो गाउँपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नु पर्दछ । यसै सन्दर्भमा जग्गा जमीनको घर रजिष्ट्रेशन दस्तुर समेत ध्यानमा राखी गाउँपालिकाले जग्गाको प्रचलित भाउ समेत सिफारिश गर्ने प्रणाली स्थापित गर्न सकिएमा यसरी जग्गाको न्यूनतम मुल्य फरक परेर राजस्वमा आउने कमीलाई व्यवस्थित गर्न सरल पर्ने देखिन्छ ।

**सम्भावना:** जग्गा जमीनको घर रजिष्ट्रेशन दस्तुर समेत ध्यानमा राखी गाउँपालिकाले जग्गाको प्रचलित भाउ समेत तोकी सोहि बमोजिम न्यूनतम थैली कायम गरी कर संकलित गरेमा वार्षिक रु १,००,००० सम्म सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** गाउँपालिकाले मूल्याङ्कन वास्तविक रूपमा कारोवार हुने गरेको मुल्य भन्दा फरक नपरोस भन्नाका लागि आफ्नो क्षेत्रको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नु पर्दछ । जग्गा जमीनको घर रजिष्ट्रेशन दस्तुर समेत ध्यानमा राखी गाउँपालिकाले जग्गाको प्रचलित भाउ समेत सिफारिश गर्ने प्रणाली स्थापित गर्न सकिएमा यसरी जग्गाको न्यूनतम मुल्य फरक परेर राजस्वमा आउने कमीलाई व्यवस्थित गर्न सरल पर्ने देखिन्छ ।

### (ङ). सिफारिश तथा प्रमाणित दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) घ(७) मा गाउँपालिकाले प्रचलित कानुन बमोजिम गर्ने सिफारिश तथा दफा १२ को (ङ) मा वडाले गर्ने सिफारिश तथा प्रमाणित गरे वापत गाउँपालिकाले दस्तुर प्राप्त गर्ने व्यवस्था रहेको छ ।

**हालको अवस्था:** आर्थिक ऐन मार्फत् गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित गरे वापत कार्यपालिकाको कार्यालय तथा वडाबाट शुल्क तथा दस्तुर सङ्कलन गर्दै आएको छ। आर्थिक ऐनले सेवा शुल्क वापत दफा १२ (अनुसूचि–११) मा विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ।

**सम्भावना:** यो गाउँपालिकाको आम्दानीको एक मुख्य र भरपर्दो स्रोत हो। यस विषय अन्तर्गत कुल आम्दानीको तथ्याङ्क उपलब्ध भए पनि के कति पटकको सिफारिश तथा प्रमाणित दस्तुरबाट उक्त आम्दानी भएको हो भन्ने तथ्याङ्क उपलब्ध नहुँदा यस वर्षको बाँकी समयमा यस शीर्षकमा के कति आम्दानी हुन सक्छ भन्ने अनुमान गर्न कठिन छ। यस गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूबाट वार्षिक तलको अनुमानित तालिका अनुसार करिव ८५० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ। वर्तमान दर अनुसार वार्षिक सिफारिश तथा प्रमाणितबाट रु ३,५७,५०० आय सङ्कलन हुने सम्भावना रहेको देखिन्छ।

**तालिका १०: सिफारिश तथा प्रमाणित सम्बन्धी विवरण**

| क्र.सं. | सिफारिशको प्रकार | सङ्ख्या | सिफारिश दर | संभावित सङ्कलन रकम (रू) |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिश, बिबाह, नाता प्रमाणित लगाएत | १०० | १०० | १०००० |
| २ | पेन्सन सिफारिश | ५० | १२०० | ६०००० |
| ३ | खानेपानी विद्युत जडान सिफारिश | ५० | १००० | ५०००० |
| ४ | घर गोठ प्रमाणित | ५० | २५० | १२५०० |
| ५ | अंग्रेजिमा गरिने सबै सिफारिश | ५०० | ४०० | २००००० |
| ६ | घरेलु उद्योग लगाएत विभिन्न सर्जमिन सिफारिश | १०० | २५० | २५००० |
| | **जम्मा** | **८५०** | | **३,५७,५००** |

**सुधारका पक्षहरू:**

- शीर्षक अनुसार सिफारिश तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने।
- वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने।
- वडा कार्यालयहरूको कर सङ्कलनलाई पनि कम्प्युटर सफ्टवेयरमा आधारित बनाउने।
- वडा कार्यालयहरूलाई गाउँपालिका कार्यालयसँग कम्प्युटर नेटवर्कीङ गरी अध्यावधि हुने व्यवस्था मिलाउने

### (च). व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क

**हालको अवस्था:** यस गाउँपालिकाले व्यक्तिगत घटना दर्ता (बिलम्व) गरे वापत कार्यपालिकाको

कार्यालय तथा वडाबाट शुल्क तथा दस्तुर सङ्कलन गरेको देखिन्छ। गाउँपालिकाको आर्थिक ऐनले सेवा शुल्क वापत दफा १२ (अनुसूचि–११) मा विभिन्न शीर्षकमा दररेटमा व्यक्तिगत घटना दर्ता विलम्व शुल्क रु.१०० निर्धारण भएको देखिन्छ।

**सम्भावना:** व्यक्तिगत घटना दर्ता शुल्क गाउँपालिकाको न्यून तर प्रायः हरेक वर्ष आय हुने शीर्षक अन्तर्गत पर्दछ । अतः आउँदा दिनमा पञ्जिकरण व्यवस्थित गरी बिलम्म शुल्क सङ्कलन गर्न सक्नेछ। गाउँपालिकाको प्रोफाइल २०७४ यस गाउँपालिका आ.ब.२०७३-७४ मा जम्मा ७३८ वटा व्यक्तिगत घटना दर्ता भएको उल्लेख छ । सोही तथ्याङ्कलाई आधारमानी कुल व्यक्तिगत घटना संख्याको ६०% अथवा ३७३ घरपरीवारले कम्तीमा १ व्यक्तिगत घटना दर्ता गर्नुपर्ने अनुमान गर्दा व्यक्तिगत घटना दर्ता (बिलम्व) शुल्क वापत रु. १०० तिर्दा वार्षिक रु. ४५, ४५० सम्म सङ्कलन गर्न सक्ने देखिन्छ ।

**तालिका ११: व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | जम्मा दर्ता संख्या | बिलम्ब हुन सक्ने अनुमानित संख्या | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | जन्म दर्ता | ६९८ | ४१८ | १०० | ४१८०० |
| २. | मृत्यु दर्ता | ९ | ५ | ५० | २५० |
| ३. | सम्बन्ध बिच्छेद | ० | ० | ० | ० |
| ४. | बसाईसराई | ६ | ४ | १०० | ४०० |
| ५. | बिबाह दर्ता | २५ | १५ | २०० | ३००० |
| **जम्मा** | | **७३८** | **३७३** | | **४५४५०** |

*स्रोतः गाउँपालिका बस्तुगत विवरण, २०७४*

**सुधार गर्नुपर्ने पक्षहरू:** गाउँपालिकाको कार्यपालिका बैठकमा पास गरेको दररेटमा व्यक्तिगत घटना दर्ता विलम्व शुल्क रु.१०० निर्धारण भएको देखिएकोले घटना घटेको ३५ दिन भित्रै घटना दर्ता गर्न प्रोत्साहित गर्नका लागि उपयुक्त हुने देखिन्छ। यसका साथै गाउँपालिकामा व्यक्तिगत घटना विशेष गरेर जन्मदर्ता गर्नको लागि प्रत्येक वडामा अभियानको रूपमा कार्यक्रम सञ्चालन गरी सबै बालबालिकाको राज्यबाट पाउने सुविधा र जन्मदर्ता हुन पाउने अधिकारको संरक्षण समेत गर्नु उपयुक्त हुने देखिन्छ। व्यक्तिगत घटना दर्ता बिलम्व शुल्कबाट प्राप्त आयको उचित रूपमा लेखा राख्न उपयुक्त हुने देखिन्छ। विपन्न तथा सिमान्तकृत समुदायलाई बिलम्ब शुल्कमा विशेष व्यवस्था गर्न सकिन्छ।

### (छ) व्यवसाय दर्ता/नविकरण शुल्कः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमती, नविकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ। सहकारी ऐन २०७४ ले सहकारीको दर्ता तथा नविकरण गर्ने अधिकार पनि गाउँपालिकालाई दिएको छ।

**विद्यमान अवस्था:** यस गाउँपालिकामा ३६ वटा व्यापारिक फर्म, सहकारी, ३ वटा होटेल तथा रेष्टुरेन्ट दर्ता भइ सञ्चालनमा रहेका छन् ।

**शुल्कको सम्भावना:** गाउँ प्रोफाइल २०७५ अनुसार यस गाउँपालिकामा व्यापार र व्यवसायको संख्या हेर्दा ३६ वटा व्यवसायहरू सञ्चालनमा रहेका छन् । तर केन्द्रिय तथ्याङ्क विभागको आर्थिक गरणा २०७५ अनुसार यस गाउँपालिकामा २५६ ओटा व्यापारीक संस्था रहेको देखिन्छ । यसरी गाउँपालिकाको बस्तुगत विवरण अनुसार अझै २२० वटा व्यापारीक संस्था दर्ता हुन बाँकि रहेको देखिन्छ । यसरी २२० वटा व्यापारीक संस्था दर्ता गर्दा औसत रू ५०० को दरले दर्ता शुल्क लिंदा करिब रू १,१०,००० र दर्ता भएका ३६ वटाको नविकरण गर्दा औसत रू. २५० को दरले करिब रू. ९,००० गरी व्यवसाय रजिष्ट्रेशन तथा दर्ता शुल्कबाट रू. १,१९,००० सङ्कलन हुन सक्ने अनुमान गर्न सकिन्छ । यसै गरी नयाँ थपिने निर्माण जन्य व्यवसाय लगाएत अन्य व्यवसाय दर्ता गर्दा जम्मा व्यवसाय दर्ता शुल्क करिब रू. १,२०,००० उठ्न सक्ने सम्भावना रहेको अनुमान गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायिक फर्म, उद्योग, सहकारी तथा अन्य सङ्घसंस्थाहरूको दर्ता तथा नविकरण प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने अनुमति तथा दर्ता नगरी सञ्चालनमा रहेका फर्म तथा संस्थाहरूलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

- साना र मझौला व्यवसायहरूको तथ्याङ्क अध्यावधिक गर्ने ।
- व्यवसाय रजिष्ट्रेशन दस्तुर अध्यावधिक गर्दै जाने ।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गरी अनुमति नलिई सञ्चालनमा रहेकालाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।
- दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सबन्धी कार्यविधि बनाई गाउँसभाबाट स्विकृत गरी लागु गर्ने ।

### (ज) पार्किङ्ग शुल्क

**विद्यमान अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६० अनुसार गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । यस गाउँपालिकाले पनि आफ्नो आ.व. २०७८-७९ को आर्थिक ऐनमा दफा १० मा अनुसुची (९) बमोजिम पार्किङ शुल्कबारे उल्लेख गरी पार्किङ दर निर्धारण गरेको छ । हालसम्म यस गाउँपालिकाले यस शीर्षक अन्तर्गत रकम सङ्कलन गर्न सकेको छैन ।

**सम्भावना :**

यस गाउँपालिका को स्वामित्वमा रहेको एक जग्गा हाल पनि पार्किङको रूपमा रहेको भएता पनि सोलाई व्यवस्थित गरेको देखिदैन । सोलाई व्यवस्थित गरेमा यो गाउँपालिका हिमाली ट्रेकिङका लागि ट्रेकिङरुटको रूपमा विकसित हुँदा पार्किङ शुल्क राम्रो उठ्ने देखिन्छ ।

**तालिका १२: पार्किङ शुल्क सम्बन्धी विवरण**

| क्र.सं | सवारी साधन | दैनिक अनुमानित संख्या | पार्किङ् शुल्क दर | वार्षिक सङ्कलन हुन सक्ने रकम (रू.) |
|---|---|---|---|---|
| १ | मोटरसाईकल | ५० | १० | १८०००० |
| २ | हलुका सवारी साधन | २० | २० | १४४००० |
| ३ | भारी सवारी साधन | १० | ४० | १४४००० |
| | | | **जम्मा** | **४,६८,०००** |

यसरी विभिन्न सवारी साधन जुन यस गाउँपालिकामा आउँदछन् सोको तथ्याङ्क अद्यावदीक गरी राजस्व सङ्कलन गरने हो भने करिब रू. ४,६८,००० उठ्न सक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- यस गाउँपालिकाको स्वामित्वमा रहेका जग्गा सम्बन्धी विवरणहरू अद्याबधिक गर्ने ।
- यस गाँउपालिका हिमाली ट्रेकिङका लागि ट्रेकिङरुटको रूपमा अवस्थित भएकोले पार्किङको लागि गाउँपालिकाको स्वामित्वमा रहेका जग्गाहरूमा पार्किङको लागि संरचना तयार गर्ने ।

**(झ). सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**

**हालको अवस्था:** स्थानीय शासन सञ्चालन ऐन बमोजिम गाउँपालिका/नगरपालिकाले उपकरण सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी स्काभेटर, ट्रिपर ,ट्राक्टर, प्रोजेक्टर लगाएत अन्य मेसिन भाडामा लगाई आम्दानी गर्न सक्ने व्यवस्था रहेको छ । विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकि कार्यविधि तयार गरेर आफै दर रेट निर्धारण गर्न सक्छ । यस गाउँपालिकाको स्वामित्वमा रहेका मेसिन र भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ ।

**सम्भावना:** गाउँपालिकाको स्वामीत्वमा भएका भौतिक सम्पत्तिहरू ट्रिपर, ट्राक्टर र प्रोजेक्टरको बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहाय अनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जस अनुसार ट्रिपरबाट १ लाख र प्रोजेक्टरबाट पचास हजार गरी कुल जम्मा १ लाख पचास हजार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- गाउँपालिकाको स्वामीत्वमा भएका र बहालमा लगाउन सकिने भौतिक सम्पत्तिहरूको विवरण तयार गरी सम्पत्तिको बहाल रकमको दर निर्धारण गर्ने ।
- गाउँपालिकाको स्वामीत्वमा रहेका मेशिन आदिहरू को मर्मत स्याहार गरी सञ्चालन गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधी तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधीमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

**(ट) अन्य सेवा शुल्क: (फोहरमैला व्यवस्थापन शुल्क, पर्यटक प्रवेश शुल्क, स्थानीय पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)**

**हालको अवस्था:** कार्यालयले लिने टिकट, बोलपत्र फाराम बिक्रिको रकम, निवेदन दस्तुर, नो अब्जेक्सन सर्टिफिकेट, व्यवसायिक प्रमाणपत्र जारी आदि रकमहरू यस शीर्षक अन्तर्गत पर्दछ । यसै गरी फोहरमैला व्यवस्थापन सेवा शुल्क, पर्यटन प्रवेश शुल्क समेत यसै शीर्षक अन्तर्गत पर्दछ । यस गाउँपालिकाको आर्थिक ऐनमा पर्यटन प्रवेश शुल्क निर्धारण गरेता पनि अन्य गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट शुल्क लगाइने उल्लेख गरिएको छैन ।

**शुल्कको सम्भावना**: गाउँपालिकाले प्रदान गर्ने सेवाहरू (पशुपन्छी तथा बोका सरसफाई सेवा, पशु पन्छी स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई उपभोक्ता समिति शुल्क, गाउँपालिकाले निर्माण गरेको भौतिक पूर्वाधार उपयोग शुल्क आदि) बाट सेवा शुल्क आय गर्ने तथा सेवाहरू थप गर्दै सेवा शुल्कमा पनि बृद्धि हुने सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय बासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने गर्दछन् ।

यस गाउँपालिकामा रहेका सूर्मा सरोवर, धनसेरा तथा गाईसेरा पाटन, दौह ताल, धानसेरी ताल, तपोवन र तपवन सुनिपाटन, विरु ओडार मन्दिर, जलजला, चाँदेशिखर हिमाल, सुनखानी हिमाल, चुफि हिमाल, पाँगरजडिको मन्दिर यहाँका प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छ। विभिन्न मठ मन्दिर र त्यसले स्थापित गरेका कतिपय एतिहासिक किम्वदन्तीहरूले समेत प्र्यटकीय सम्भावना बोकेको देखिन्छ। यस गाउँपालिकाको आर्थिक ऐनको दफा १३ तथा अनुसूची १२ मा यस गाउँपालिकाका विभिन्न पर्यटकीय क्षेत्रमा घुम्न आउने बाह्य तथा आन्तरिक पर्यटन को लागि प्रवेश शुल्क लिने व्यवस्था गरेको छ । पर्यटन प्रवेश शुल्कको सन्दर्भमा  यहाँ वार्षिक १००० बाह्य र २००० आन्तरिक पर्यटन घुम्न आउने अनुमान गर्न सकिन्छ । यस अनुसार गाउँपालिकाले वार्षिक रू. ४,००,००० पर्यटन प्रवेश शुल्क सङ्कलन गर्ने सम्भावना देखिन्छ । यसै गरी पर्यटनका अन्य पुर्वाधारको विकास गर्न सके यसको सम्भावना निकैरहेको देखिन्छ ।

यस गाउँपालिका क्षेत्र भित्र फोहोरमैला व्यवस्थापनको उपयुक्त प्रबन्ध भएको छैन् । जनसंख्याको बृद्धि, बढदो औद्योगिकीकरणका कारण फोहोरमैला निष्काशनमा पनि बृद्धि हुने र त्यसले समग्र

पर्यावरणमा पनि असर गर्न सक्ने भएकोले घरबाट निष्काषित हुने कुहिने तथा नकुहिने फोहोरहरू साथै औद्योगिकजन्य फोहोरको व्यवस्थापन गर्न जरुरी देखिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** गाउँपालिकाको भूगोलको आधारमा पर्यटन प्रवर्द्धन गर्न सकिने भएकोले गाउँपालिकाले तयार गरेको गुरु योजनाको कार्यान्वयन गर्दै आवश्यकता अनुसार थप अध्ययन तथा विश्लेषण गर्दै अगाडी बढ्नुपर्ने देखिन्छ। यसको लागि सङ्घीय तथा प्रदेश सरकारले समेत सहयोग प्राप्त गर्न पहल र सहजीकरण गर्ने र निजीक्षेत्रसंग हातेमालो गर्दै जानु उपयुक्त हुन्छ। गाउँपालिकाले पर्यटन पूर्वाधार विकासमा सहकार्य तथा सहजीकरण गर्ने र प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जनाका लागि पहल गर्नुपर्ने तथा शुल्क दोहोरो नपर्ने कुराको सुनिश्चित गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा छलफल गर्नुपर्ने देखिन्छ। यसैगरी यस गाउँपालिकाले स्थानीय बिक्रिलाई आवश्यक सेवाहरू पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क सङ्कलन गर्ने विधी निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ। यसैगरी यस गाउँपालिका शहरोन्मुख नगर भएको हुँदा गाउँपालिकाले तुरुन्त फोहरमैला व्यवस्थापनको लागि डम्पिङ साइट निर्माण गरी फोहरमैला व्यवस्थापन शुल्क उठाउन सक्छ ।

- फोहरमैला व्यवस्थापनको लागि डम्पिङ् साईटको संभाब्य स्थलको खोजि गरी डम्पिङ् साइट निर्माण गर्ने ।
- विभिन्न किसिमका सेवा वाफत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- तथ्याङ्क सङ्कलन तथा रेकर्ड राख्ने प्रकृया व्यवस्थित गर्ने ।
- पर्यटन पूर्वाधारको विकाश गर्ने ।

### तालिका १३: गाउँपालिका/नगरपालिकाले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेका सेवा

| क्र.सं. | सेवाहरू | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको सम्भावना (छ/छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | छ | | छ | शुल्क लिएको छैन |
| २ | स्थानीय खानेपानी | छ | | | |
| ३ | बिजुली | - | | | |
| ४ | धारा | - | | | |
| ५ | अतिथि गृह | - | | | |
| ६ | धर्मशाला | छ | | | शुल्क नलिएको |
| ७ | पुस्तकालय | - | | | |
| ८ | सभागृह | - | | | |
| ९ | ढल निकास | छ | | | शुल्क नलिएको |
| १० | सडक बत्ति | छ | | | शुल्क नलिएको |

| क.सं. | सेवाहरू | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको सम्भावना (छ/छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| ११ | सार्वजनीक शौचालय | छ | | | शुल्क नलिएको |
| १२ | पार्क | - | | | |
| १३ | पौडी पोखरी | - | | | |
| १४ | व्यायामशाला | - | | | |
| १५ | पर्यटकिय स्थल | छ | | | शुल्क नलिएको |
| १६ | हाट बजार | - | | | |
| १७ | पशु बधशाला | - | | | |
| १८ | शवदाह गृह | - | | | |
| १९ | बसपार्क | छ | | | |
| २० | अन्य पार्किङ्ग क्षेत्र | छ | | | शुल्क नलिएको |
| २१ | सिफारिश तथा प्रमाणित | छ | | | शुल्क लिएको |
| २२ | दर्ता, अनुमाति, नविकरण दस्तुर | छ | | | शुल्क लिएको |
| २३ | मूल्याङ्कन सेवा शुल्क | छ | | | शुल्क लिएको |
| २४ | नक्सापास | छ | | | शुल्क लिएको |
| | अन्य ................. | | | | |
| | **जम्मा** | | | | |

समग्रमा यस गाउँपालिकामा आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूमा थप स्रोत साधन परिचालन हुने सम्भावना रहेकोले आगामी वर्षहरूमा औद्योगिक ग्राम स्थापना गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम स्थानीय स्तरमा छरिएर रहेका उद्योग व्यवसायहरूलाई एकिकृत रूपमा व्यवस्थित गरी रोजगारीका थप अवसरहरू श्रृजना गर्न सकिने छ । यसबाट दुर्गम क्षेत्रमा रहेका विपन्न महिला, बालबालिका, दलित तथा अन्य सिमान्तकृत समुदायको जीवनस्तर सुधारमा महत्वपूर्ण सहयोग पुग्ने छ ।

गाउँपालिकाको आर्थिक ऐन हेर्दा एकिकृत सम्पत्ति करको रूपमा मालपोत कर र सम्पत्ति करलाई लिइ सोहि अनुसार करको दर निर्धारण गरेको देखिन्छ । यस सन्दर्भमा माथि परिच्छेद ३.१ मा उल्लेख भए बमोजिम सम्पत्ति करको लागि घर र घरले चर्चेको जग्गाको मूल्याङ्कन गरी तथा मालपोत कर बाँकी अन्य जग्गामा लगाउन उपयुक्त हुने देखिन्छ । यसै गरी आर्थिक ऐनमा सवारी कर उल्लेख छ । यस सम्बन्धमा गाउँपालिको साना सवारी साधनमा (अटो रिक्सा, ई-रिक्सा, टाँगा) मात्र कर लगाउने अधिकार रहेको हुँदा सोही बमोजिम सवारी करको दर निर्धारण गर्नुपर्ने हुन्छ । पर्यटन शुल्कको सम्बन्धमा सो शुल्क लिने अधिकार सम्बन्धित राष्ट्रिय निकुञ्जलाई भएको हुँदा गाउँपालिकाले पर्यटन प्रवेश शुल्क मात्र लगाउन सक्दछ ।

प्राय गाउँपालिकाको विविध शीर्षकमा रकम धेरै जम्मा भएको देखिदा गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन लगाएत अन्य ऐनको अधिनमा रह महालेखा नियन्त्रकको कार्यालयले आर्थिक कारोवारको लागि बनाएको **"एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन)**" मा उल्लेख भए अनुसार शीर्षकगत रकम छुट्टाएर राजस्व रकमको तथ्याङ्क सङ्कलन गर्ने परिपाटिको विकास गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्य रूपमा व्याख्या गरिएको छ । यस विश्लेषणबाट गाउँपालिकाको थप आय सङ्कलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्नका लागि आवश्यक सहयोग पुग्ने देखिन्छ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

गाउँ सभाले यस गाउँपालिकाको आ.व. २०७८/७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रममा राजस्व परिचालन सम्बन्धी निम्न नीति लिएको पाइन्छ ।

- कर तिर्नु जनताको दायित्व हो भन्ने बोध गराउँदै आन्तरिक आयका थप क्षेत्रहरूको खोजी तथा बिस्तार गरी अभिलेखीकरण गरिएको थियो ।
- आन्तरिक आयलाई व्यवस्थित गराउन आवश्यक नियम निर्देशिका तथा कार्याविधिहरू बनाई लागु गरिएको थियो ।
- कर सङ्कलनमा संलग्न कर्मचारी तथा करदाताको क्षमता विकासका लागि तालिम सञ्चालन गरिएको थियो ।
- यस गाउँपालिकाको सुनकोशी इन्द्रावती लगायतका नदी क्षेत्रवाट ढुंगा गिट्टी तथा बालुवाको प्रारम्भिक वातावरणीय परीक्षण गरी उपयुक्त देखिएका क्षेत्रहरूबाट उत्खनन् गरी राजस्व सङ्कलनको व्यवस्था गरिएको थियो ।
- एकिकृत सम्पत्ति कर प्रणालीलाई व्यवस्थित गरिएको थियो ।
- कर प्रणालीलाई सफ्टवेयर प्रयोगबाट थप व्यवस्थित बनाइनेछ । कर सङ्कलन गर्न थप जनशक्ति र शाखा व्यवस्था गरिएको थियो ।
- प्राकृतिक स्रोतको कर उठाउँदा प्रभावित क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको थियो ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

आन्तरिक राजस्वलाई प्रभावकारी रूपमा सङ्कलन गर्ने भूमिका राजस्व प्रशासनको भएकाले राजस्व सङ्कलनका लागि गाउँपालिकाको संस्थागत अवस्था र क्षमताका विषयमा विश्लेषण गरिएको छ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर

सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरू गर्दछ । यस गाउँपालिकाको स्थानीय राजस्व परामर्श समिति तालिका नं. १२ मा देखाइएको छ ।

**तालिका १४: राजस्व परामर्श समिति**

| क.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री रमला कुमारी मण्डेल पुजारा | उपाध्यक्ष | संयोजक |
| २ | चक्र प्रसाद जोशी | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | श्री | वडा अध्यक्ष | सदस्य |
| ४ | श्री | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री | प्रतिनिधी उद्योग वाणिज्य सङ्घ,बझाङ | सदस्य |
| ६ | श्री राजेन्द्र प्रसाद अवस्थी | सहायक चौंथो | सदस्य सचिव |

यस गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री रमला कुमारी मण्डेल पुजाराको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक बसी आवश्यक निर्णयहरू हुने गरेको देखिन्छ। राजस्व परामर्श समितिको बैठकमा सरोकारवाला पक्षको सहभागिता हुन सकेको देखिदैन। साथै राजस्व परामर्श समितिका सदस्यहरूलाई राजस्वका स्रोतगत आधारमा वस्तुपरक अनुमान गर्ने, स्रोतहरू पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी कार्यन्वयन गर्ने सम्बन्धमा क्षमता विकास गर्न आवश्यक देखिन्छ।

### ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन

यस गाउँपालिकाको संगठन संरचनामा राजस्व शाखाको व्यवस्था छैन । हाल एकजना सहायक चौंथो तहको कर्मचारीबाट राजस्व प्रशासन सम्बन्धी कामकाज हुदै आएको अवस्था छ। कार्यकक्ष तथा कार्यस्थल पर्याप्तता छैन। सामान्य कार्य सञ्चालनका लागि हाल भएको फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरूको पर्याप्तता छ। यस शाखामा पर्याप्त संख्यामा आवश्यक कर्मचारी तथा सफ्टवेयरको व्यवस्था भएको देखिदैन। नेपाल सरकारबाट दिएको सुत्र सफ्टवेयर बाहेक अन्य सफ्टवेयरको प्रयोग भएको छैन।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकालाई आन्तरिक आय परिचालन सम्बन्धी प्राप्त कानुनी अधिकार अनुसार आन्तरिक आय परिचालनको अवस्थालाई यहाँ विश्लेषण गरिएको छ। यस गाउँपालिकामा सम्भावना भएका आन्तरिक आयका शीर्षकहरूको सम्भाव्यता, दरको निर्धारण तथा सङ्कलनको अवस्थालाई तालिका नं. १३ मा प्रस्तुत गरिएको छ।

तालिका १५: आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | दर निर्धारण भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | रु. ४,३०,५०० सङ्कलन गर्न सक्ने | छैन | नभएको |
| | सम्पत्ति कर | रु. १२,०९,५०० सङ्कलन हुन सक्ने | छ | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | संम्भावना भएको | छैन | नभएको |
| | घर जग्गा बहाल कर | रु १०,२९,६०० उठ्न सक्ने सम्भावना | छ | भएको |
| | व्यवसाय कर | रु.२,३२,७०० सङ्कलन हुने संभावना | छ | भएको |
| | जडीवुटी, कबाडी र जिवजन्तु कर | रु. ४,५०,००० सङ्कलन हुने संभावना | छ | भएको |
| | विज्ञापन कर | रू. ६२,४०० सङ्कलन हुने संभावना | छ | नभएको |
| | मनोरन्जन कर | सम्भावना भएको | छ | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | २०,००,००० उठाउन सकिने | छ | नभएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्रि | सम्भावना भएको | छैन | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्रि वापतको आय | रु १,३०,००० सङ्कलन हुन सक्ने | छैन | नभएको |
| | नक्सापास दस्तुर | रु. ३,११,००० आम्दानी हुने सम्भावना | छ | भएको |
| | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | रु ४५,४५० सम्म सङ्कलन गर्न सक्ने | छ | भएको |
| | बहाल बिटौरी शुल्क | १,५०,००० उठाउन सकिने | छ | नभएको |
| | पार्किङ्ग शुल्क | सङ्कलन हुन नसक्ने | छ | नभएको |
| | अस्पताल सञ्चालन | सम्भावना भएको | छ | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | सम्भावना नभएको | छ | नभएको |
| | स्थानीय खानेपानी महसुल | सम्भावना भएको | | |
| | स्थानीय विद्युत महसुल | सम्भावना भएको | | |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जीपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन | सम्भावना भएको | छ | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | दर निर्धारण भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| | तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | | | |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, बसपार्क, पुलआदि | सम्भावना भएको | छैन | नभएको |
| | मूल्याङ्कन सेवा शुल्क | सम्भावना भएको | छ | छ। |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | रु. १,२०,००० उठाउन सकिने | छ | छ। |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | सम्भावना नभएको | छ | नभएको |
| | सिफारिश तथा प्रमाणित दस्तुर | रु. ३,५७,५०० उठाउन सकिने | छ | भएको |
| | दण्ड जरिवाना | उठाउन सकिने | छ | भएको |

## ४.४ विगतको राजस्व सङ्कलनको अवस्था

यस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिमका क्षेत्रहरूमा गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था तथा राजस्व परामर्श समितिको सिफारिशमा आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूमा करको दर निर्धारण गरी कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालिकाको विगत ३ वर्षको आय विवरणलाई तालिका नं. १४ मा प्रस्तुत गरिएको छ।

**तालिका १६: विगत दुई वर्षको आय विवरण**

| आय शीर्षक | २०७६।०७७ को यथार्थ आय | ०७७।०७८ को यथार्थ आय |
|---|---|---|
| क. आन्तरिक आय | | |
| जम्मा आन्तरिक आम्दानी | ५१०७८६.०० | १३३१४५.०० |
| ख. राजस्व बाँडफाँडबाट प्राप्त आय | | |
| सङ्घीय सरकारबाट (मु.अ.कर तथा अन्त: शुल्क) | ३४८६०३७९.९ | ४३५४७२२३.४३ |
| प्रदेश सरकारबाट (सवारी साधन) | ४०१४५७.०७ | ४८१३८७.५४ |
| घर जग्गा रजिष्ट्रेशन | ० | ० |
| ग. अनुदान | | |
| सङ्घीय सरकार समानीकरण अनुदान | ७०७००००० | ७३५००००० |
| सङ्घीय सरकार: सशर्त | ७३१८७००० | ११६६०९५४० |
| सङ्घीय सरकार समपुरक अनुदान | | |
| सङ्घीय सरकार विशेष अनुदान | ९९३५९८९ | ११०००००० |
| प्रदेश सरकार समानिकरण | ६८४७००० | ७००७००० |
| प्रदेश सरकार सशर्त अनुदान | ६२७६०७८ | ४८१४००० |
| प्रदेश सरकार विशेष अनुदान | ७४६५६७१ | ७०००००० |
| प्रदेश सरकार समपुरक अनुदान | १२४६०८४८ | ११७५१००० |
| अन्य अनुदान | | |
| **कुल जम्मा** | २२२६४५२०९ | २७५८४३२९६ |

*स्रोत: गाउँपालिकाको एकिकृत वित्तीय विवरण*

## ४.५ राजस्व परिचालनमा रहेका सवालहरू

संविधान तथा कानुन प्रदत्त वित्तीय अधिकार बमोजिम गाउँपालिकाको राजस्व परिचालनमा सुधार ल्याउनका लागि योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ । राजस्व परिचालनका मुख्य सवालहरू, नीगित व्यवस्था, कर प्रशासन, दर निधारण, करको दायरा आदि रहेका छन् । यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### (क) राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

गाउँपालिकामा राजस्व सम्बन्धी कार्य गर्न गाउँसभाले संगठन संरचनामा सुधार गरी कार्यबोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरूको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै, जिम्मेवारी अनुसार कर्मचारीको दक्षता अभिबृद्धिका आवश्यक क्षमता विकासका तालिम उपलब्ध गराउँदै लैजानु पर्ने देखिन्छ ।

**(ख) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु समेटिएको कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्ने देखिन्छ। हाल कुन कुन शीर्षकमा के कति राजस्व सङ्कलन भइरहेको छ भन्ने अष्पटताको अवस्था अन्त्य गरी शीर्षकगत रूपमा आय स्पष्ट हुने गरी लेखा राख्नु पर्ने देखिन्छ।

**ग) आर्थिक ऐनमा सुधार**

गाउँपालिकको आर्थिक ऐन भएपनि ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनु पर्ने देखिन्छ। किनभने आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ तर प्रचलित सङ्घीय कानुनी व्यवस्था अनुरूप यो कर सबै सवारी साधनमा लिन नपाइने व्यवस्था छ। यसैगरी गाउँपालिकाको यन्त्रउपकरण जस्ता भौतिक सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरूलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ। परिवर्तित व्यवस्था अनुसार सबैजग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोही अनुसार परिमार्जन गर्नु पर्नेछ।

**(घ) राजस्वका दर निर्धारण तथा प्रचारप्रसार**

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व सङ्कलनका लागि पहिचान भएका क्षेत्रहरूको राजस्व उठाउने र सम्भाव्य क्षेत्र पहिचान गर्ने तथा करको दर निर्धारण गरी समुदायस्तरमा त्यसको प्रचारप्रसार गर्न आवश्यक देखिन्छ। त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने कर सम्बन्धी जानकारी र समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा समुदाय स्तरमा **कर शिक्षा कार्यक्रम** सञ्चालन गर्नुपर्ने देखिन्छ।

**(ङ) तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना**

गाउँपालिकामा सम्पत्ति कर, भूमि कर, व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउनेको संख्या के कति छ भन्ने तथ्याङ्क उपलब्ध छैन। यसर्थ सबै किसिमका करदाताको विवरण सङ्कलन गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्नुपर्ने देखिन्छ। यसले करको दर, दायरा तथा समग्र राजस्वको सम्भावित आकार अनुमान गर्न सहयोग पुऱ्याउँदछ। साथै, अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन नसक्ने भएकाले तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापित गर्नु जरुरी देखिन्छ।

**(च) समन्वय संयन्त्रको प्रभावकारिता बृद्धि**

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ। यसका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ।

राजस्व तथा कर सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखा बिच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । साथै राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक देखिन्छ ।

### (छ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

गाउँपालिकाले आयको सङ्कलन अवस्थाको नियमित अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कदम चाल्नु पर्दछ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरण बारे जनता एवम् सरोकारवालालाई जानकारी गराउनुले पनि जवाफदेहिता, पारदर्शिता तथा राजस्व चुहावट नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

# परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा गाउँपालिकाको राजस्व परिचालनलाई आगामी वर्षदेखि प्रभावकारी बनाउनका लागि उपयुक्त कार्ययोजनाहरू प्रस्तुत गरिएको छ । परामर्शदाताद्वारा संकलित सुचनाहरू तथा तथ्याङ्कहरूको विश्लेषणबाट प्राप्त नतिजाहरू र गाउँपालिकासँग सम्बद्ध सरोकारवाला पक्षहरूसँग गरिएको छलफल तथा अन्तरक्रियालाई समेत समावेश गरी कार्ययोजनाको मस्यौदा तयार गरिएको हो । राजस्व सुधारका कार्ययोजना तलका तालिकाहरूमा बिस्तृतमा उल्लेखित गरिएको छ ।

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला सञ्चालन गरिएको थियो । गाउँपालिकाको आयोजना र परामर्शदाताको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा गाउँपालिका पदाधिकारी, गाउँपालिका तथा वडाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । यस कार्ययोजनाका क्रियाकलापहरूलाई ३ वटा उपशीर्षकमा विभाजन गरिएको छ ।

(क) कर राजस्व सुधार योजना

(ख) गैरकर राजस्व सुधार योजना

(ग) राजस्व प्रशासन सुधार योजना

**(क) कर राजस्व सुधारका योजनाहरू**

कर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम करका दर र दायरा बृद्धि गर्न गाउँपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ ।

**तालिका १७: कर राजस्व सुधार कार्ययोजना**

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमिकर तथा मालपोत** | | |
| | १. जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने । | २०७९ पौष देखि अर्धवार्षिक रूपमा नियमित | राजस्व शाखा, वडा कार्यालय |
| २ | **सम्पत्ति कर** | | |
| | १.आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | २.सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने । | २०७९ पौषसम्म | राजस्व परामर्श समिति |
| | ३.वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २०७९ मंसिरदेखि नियमित | राजस्व शाखा, वडा कार्यालय |
| | ४.सम्बन्धित कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने । | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | **घर जग्गा बहाल कर** | | |
| | १. प्रतगतिशिल करको दर अवलम्बन गर्ने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. बहालमा भएका घर तथा जग्गाहरूको लगत सङ्कलन गर्ने । | २०७९ पौषसम्म | राजस्व शाखा, वडा कार्यालय |
| | ३. बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | २०७९ भाद्रदेखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| ४. | **व्यवसाय कर** | | |
| | १. व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्ने । | २०७९ माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०७९ माघसम्म | राजस्व परामर्श समिति |
| | ३. दर्ता भएका व्यवसायहरूको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | नियमित | राजस्व शाखा, वडा कार्यालयहरू |
| | ४. व्यवसाय दर्ता तथा कर सङ्कलनका लागि मुख्य बजार क्षेत्रहरूमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०७९पौषदेखी अर्धवार्षिक रूपमा | राजस्व शाखा, वडा कार्यालयहरू |
| ५. | **जडीवुटी, कबाडी र जीवजन्तु कर** | | |
| | १.जडीवुटी तथा कबाडी सङ्कलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०७९ आषाढ मसान्त | राजस्व शाखा, राजस्व परामर्श समिति |
| | २. जडीवुटी र कबाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने गर्ने । | २०७९ आषाढ मसान्त | गाउँसभा, कार्यपालिका |

### ख. गैरकर राजस्व सुधार योजना

गैरकर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम करका दर र दायरा बृद्धि गर्न गाउँपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसारको गैरकर राजस्व सुधार योजना प्रस्ताव गरिएको छ ।

**तालिका १८: गैरकर राजस्व सुधार कार्ययोजना**

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| | १. आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>- हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरू अनुसार शीर्षक हेरफेर गर्ने ।<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा सङ्घीय कानुनसँग बाझिने प्रावधानहरूलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।<br>- जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा कर – लाभ सिद्धान्तमा आधारित बनाउने | २०७९ कार्तिक मसान्त | गाउँपालिका |
| २ | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| | १.राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०७९ चैत मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २.राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०७९ चैत्रसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३.विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०७९ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ३ | **करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता** | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरू प्रचार प्रसार गर्ने । | २०७९ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रूपमा खर्चसँगै आन्तरिक आय सङ्कलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४ | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७९ साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०७९ माघ मसान्त | कार्यपालिका,गाउँ सभा |

### (ग) राजस्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन के गर्न सकिन्छ भनी सहभागितामूलक रूपमा छलफल गरी प्राप्त भएका बुँदाहरूका आधारमा राजस्व प्रशासन सुधार योजना प्रस्ताव गरिएको छ ।

**तालिका १९: गैरकर राजस्व सुधार योजना**

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | राजस्व शाखाका लागि थप कर्मचारी दरबन्दी सिर्जना तथा पदपूर्ति गर्ने । | २०७९असार मसान्त | गाउँसभा तथा गाउँपालिका |
| २ | राजस्वसम्बन्धी सफ्टवेयर खरिद तथा सञ्चालन गर्ने । | २०७९कार्तिकमसान्त | गाउँपालिकाको कार्यालय |
| ३ | राजस्वसम्बन्धी हेल्पडेस्क स्थापना गर्ने । | २०७९असार मसान्त | राजस्व शाखा |
| ४ | व्यवसायीहरूलाई कर, शुल्क, दस्तुर जरिवाना सम्बन्धमा अभिमुखीकरण गर्ने र नियमित कर बुझाउने करदातालाई पुरस्कृत गर्ने । | २०७९ असार पहिलो हप्ता | राजस्व शाखा |
| ५ | गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरूलाई राजस्व प्रशासन सम्बन्धमा अभिमुखीकरण गर्ने । | २०७९असार मसान्त | राजस्व शाखा |

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ६ | राजस्वको दर, बुझाउने समय, जरिवाना, पुरस्कार आदिको बारेमा गाउँपालिकाभित्र पर्चा, पम्प्लेट, माइकिङ, एफएम रेडियोको माध्यमद्धारा प्रचारप्रसार गर्ने । | २०७९ असार मसान्त | गाउँपालिका, वडा कार्यालयहरू |
| ७ | राजस्व सङ्कलन सम्बन्धी ठेक्कापट्टा (गिट्टी, बालुवा, विज्ञापन कर आदि) टेण्डर आह्वान गर्ने । | २०७९ असोज मसान्त | राजस्व शाखा |
| ८ | गाउँपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरू घर, जग्गा, सार्वजनिक भवन/जमिन र अन्य संरचनाको अभिलेख व्यवस्थापन गर्ने । | नियमित | राजस्व शाखा |

# परिच्छेद छ: आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा गाउँपालिकाको आगामी तीन वर्षसम्मका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। गाउँपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। उक्त प्रक्षेपण गर्दा महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा गरिएको छ। यस प्रक्षेपणले गाउँपालिकाको बजेट तर्जुमा गर्न उल्लेखनिय सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७९/८० देखि २०८१/८२) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङ्कलनको बृद्धिदरलाई आधार मानिएको छ।

**तालिका २०: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण (रु. हजारमा)**

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| क. | आन्तरिक आय तर्फ | | |
| ११३१३ | सम्पत्ति कर | १२०९.५ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमि कर (मालपोत) | ४३०.५ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | १०२९.६ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल बिटौरी शुल्क | १५० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११४५१ | साना सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर) | | अनुमान नगरिएको |
| ११४७२ | विज्ञापन कर | ६२.४ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ५० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११६९१ | अन्य कर (जडीवुटी तथा कबाडी कर) | ४५० | आ.व. २०७९/८० मा कूल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| | सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय | १३० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १५० | आ.व. २०७९/८० मा ब्याकहो लोडर, एक्साभेटर, लोडर, रोलर, पानी ट्यांकी, टिप्पर भाडाबाट प्राप्त हुने रकमको ९० प्रतिशत र त्यसपछिका वर्षहरूमा १५ प्रतिशतले बढ्दै जान |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | ४०० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | २००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| | फोहरमैला व्यवस्थापन सेवा शुल्क | | अनुमान नगरिएको |
| १४२२१ | न्यायिक दस्तुर | | अनुमान नगरिएको |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | अनुमान नगरिएको |
| १४२२४ | परिक्षा शुल्क | | अनुमान नगरिएको |
| १४२४१ | पार्किङ्ग शुल्क | ४६८ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | ३११ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सिफारिश दस्तुर | ३५७.५ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर र व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क | ४५.४ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | अनुमान नगरिएको |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | | अनुमान नगरिएको |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १२० | आ.व. २०७९/८० मा कूल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | अनुमान नगरिएको |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | अनुमान नगरिएको |
| १४३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | अनुमान नगरिएको |
| १४५२९ | अन्य राजस्व | | अनुमान नगरिएको |
| १४६११ | व्यवसाय कर | २३२.७ | आ.व. २०७९/८० मा ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जान |
| **ख** | **राजस्व बाँडफाँट** | | |
| **ख.१** | **नेपाल सरकार** | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ४८०१०.८ | गत आ.को प्राप्त रकममा क्रमशः ५ प्रतिशतका दरले बृद्धि हुँद जाने अनुमान |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | अनुमान नगरिएको |
| **ख.२** | **प्रदेश सकार** | | |
| ११३१५ | बाँडफँड बाट प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर | | चालु आ.व.मा का लागि गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ५३०.७ | चालु आ.व.मा का लागि गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | अनुमान नगरिएको |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | अनुमान नगरिएको |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | | |
| **ग.१** | **नेपाल सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | ८१०३३.७ | आ.व. २०७९/८० मा चालु आ.व. रकममा ५ प्रतिशतले बढ्ने र त्यसपछि क्रमशः १० प्रतिशतले बढ्दै जान |
| १३३१२ | ससर्त अनुदान चालु | १२८५६२ | चालु आ.व.मा का लागि गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | १२१२७.५ | चालु आ.व.मा का लागि गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | |
| १३३१६ | समपुरक अनुदान चालु | | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | |
| **ग.२** | **प्रदेश सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | ७७२५ | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | ५३०७.४ | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ७७१७.५ | |
| १३३१६ | समपुरक अनुदान चालु | ५३०७.४ | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | |
| १३३१८ | अन्य अनुदान चालु | | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | अनुमान नगरिएको |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | |
| | **कूल जम्मा** | | |

## ६.२ गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

यस गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित राजस्व/आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार र ऐन अनुसार करका दायरा बिस्तार गर्न सकेको खण्डमा गाउँपालिकाको आय बृद्धि हुने देखिन्छ । आय शीर्षकको सम्भाव्यता तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधारमानी गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण तालिका नं. २१ मा प्रस्तुत गरिएको छ । तालिकामा दिए अनुसार गाउँपालिकाको आगामी आ.व.मा कुल रु. ३४ करोड ३१ लाख ९६ हजार ९९६ आम्दानी हुने प्रक्षेपण गरिएको छ

## तालिका २१: गाउँपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चालु आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| **१००००** | **राजस्व तथा अनुदान** | | | | | | | | |
| **११०००** | **कर** | | ५१०७८६ | १३३१४५ | | | | | |
| **११३००** | **सम्पत्ति कर** | | | | | | | | |
| **११३१०** | **अचल सम्पत्तिमा लाग्ने कर** | | | | | | | | |
| ११३११ | व्यक्तिगत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | |
| ११३१२ | संस्थागत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | |
| ११३१३ | सम्पत्ति कर | | | | | १२०९५०० | ९६७६०० | १११२७४० | १२७९६५१ |
| ११३१४ | भूमि कर (मालपोत) | | | | | ४३०५०० | ३४४४०० | ३९६०६० | ४५५४६९ |
| ११३१५ | बाँडफाँडबाट प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | | | | | | |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | | | | | | |
| ११३२१ | घर बहाल कर | | | | | १०२९६०० | ८२३६८० | ९४७२३२ | १०८९३१६.८ |
| ११३२२ | बहाल बिटौरी शुल्क | | | | | १५०००० | १२०००० | १३८००० | १५८७०० |
| **११३५०** | **वित्तीय र पूँजीगत कारोवारमा लाग्ने कर** | | | | | | | | |
| ११३५१ | व्यवसाय कर | | | | | | | | |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | | | | | | | | |
| **११४१०** | **मुल्य अभिबृद्धि कर** | | | | | | | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | ३४८६०३७९.९ | ४३५४७२२३ | ४५७२४५८५ | ४८०१०८१४ | ४८०१०८१४ | ५०४११३५५ | ५२९३१९२२ |
| **११४२०** | **अन्तःशुल्क** | | | | | | | | |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | | | | | |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | | | | | | | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | | | | | | | | |
| ११४४३ | शिक्षा सेवा शुल्कः शैक्षिक संस्था | | | | | | | | |
| ११४४४ | शिक्षा सेवा शुल्कः वैदेशिक अध्ययन | | | | | | | | |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | | | | | | | | |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर) | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | | | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | ४०१४५७.०७ | ४८१३८७.५४ | ५०५४५६.९२ | ५३०७२९.७६ | ५३०७२९.७६ | ५५७२६६.२५ | ५८५१२९.५६ |
| **११४७०** | **मनोरंजन कर** | | | | | | | | |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | | | | | | |
| ११४७२ | विज्ञापन कर | | | | | ६२४०० | ४९९२० | ५७४०८ | ६६०१९.२ |
| ११४७३ | अन्य मनोरंजन कर | | | | | | | | |
| **११६००** | **अन्य कर** | | | | | | | | |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने** | | | | | | | | |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | | | | |
| ११६१४ | रेडियो, एफ.एम. सञ्चालन दस्तुर | | | | | | | | |
| **११६२०** | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | | | | | | | | |
| ११६२१ | चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | | | | | | | | |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | | | | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | | | ५०००० | ४०००० | ४६००० | ५२९०० |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | | | | | | | |
| **११६९०** | **अन्य कर** | | | | | | | | |
| ११६९१ | अन्य कर (कबाडी कर) | | | | | ५८०००० | ४६४००० | ५३३६०० | ६१३६४० |
| **१३०००** | **अनुदान** | | | | | | | | |
| **१३१००** | **द्विपक्षीय वैदेशिक अनुदान** | | | | | | | | |
| **१३११०** | **द्विपक्षीय वैदेशिक चालू अनुदान** | | | | | | | | |
| १३१११ | द्विपक्षीय वैदेशिक चालू अनुदान | | | | | | | | |
| **१३१२०** | **द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान** | | | | | | | | |
| १३१२१ | द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | | | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | | | | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | | | | | | |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | | | | | | | | |
| १३२२१ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | |
| १३२२२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | | | | | | | | |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | | | | | | | | |
| १३३११ | समानिकरण अनुदान | | ७७५४७००० | ८०५०७००० | ८४५३२३५० | ८८७५८९६८ | ८८७५८९६८ | ९३१९६९१६ | ९७८५६७६२ |
| १३३१२ | शसर्त अनुदान | | ७९४६३०७८ | १२१४२३५४० | १२७४९४७१७ | १३३८६९४५३ | १३३८६९४५३ | १४०५६२९२५ | १४७५९१०७२ |
| १३३१३ | विषेश अनुदान | | १७४०१६६० | १८०००००० | १८९००००० | १९८४५००० | १९८४५००० | २०८३७२५० | २१८७९११३ |
| १३३१४ | समपुरक अनुदान | | १२४६०८४८ | ११७५१००० | १२३३८५५० | १२९५५४७८ | १२९५५४७८ | १३६०३२५१ | १४२८३४१४ |
| १३३१५ | अन्य अनुदान | | | | | | | | |
| १३३२० | अन्तरसरकारी पूँजीगत अनुदान | | | | | | | | |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | | | | | | | | |
| १३३२२ | विशेष पूँजीगत अनुदान | | | | | | | | |
| **१४०००** | **अन्य राजस्व** | | | | | | | | |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | | | | | | | | |
| **१४११०** | **व्याज** | | | | | | | | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११२ | व्यापारिक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११३ | औद्योगिक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | | | | | | |
| **१४१२०** | **लाभांश** | | | | | | | | |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२२ | व्यापारिक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२३ | औद्योगिक निकायबाट प्राप्त लाभांश | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चालु आ.व.को) | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १४१२४ | सेवामुलक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | | | | | | | | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | | | | १५०००० | १३५००० | १५५२५० | १७८५३७.५ |
| १४१५२ | क्यासिनोबाट प्राप्त रोयल्टी | | | | | | | | |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | | | | | | | | |
| १४१७० | राजस्व बाँडफाँडबाट प्राप्त आय | | | | | | | | |
| १४१७१ | वन रोयल्टी | | | | | | | | |
| १४१७२ | खानी रोयल्टी | | | | | | | | |
| १४१७३ | जलस्रोत रोयल्टी | | | | | | | | |
| १४१७४ | पर्वतारोहण रोयल्टी | | | | | | | | |
| १४१७५ | पदयात्रा रोयल्टी | | | | | | | | |
| १४१७६ | पर्यटन सेवा शुल्क रोयल्टी | | | | | | | | |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | | | | | | | | |
| १४१७८ | सवारी साधन कर | | | | | | | | |
| १४१७९ | अन्य बाँडफाँड हुने राजस्व | | | | | | | | |
| १४१९१ | पर्यटन शुल्क | | | | | | | | |
| **१४२००** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | | | | | | | | |
| **१४२१०** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | | | | | | | | |
| १४२११ | कृषि उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | | | | | | |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम | | | | | | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | | | | | | | | |
| १४२१६ | निजी धारा वापतको शुल्क | | | | | | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग वापतको शुल्क | | | | | | | | |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | | | | | | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | | | | | २४००००० | १९२०००० | २२०८००० | २५३९२०० |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | | | | | | | | |
| १४२२१ | न्यायिक दस्तुर | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | | | | | | |
| १४२२४ | परीक्षा शुल्क | | | | | | | | |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | | | | | | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | | | | | | | |
| **१४२४०** | **दस्तुर** | | | | | | | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | | ४६८००० | ३७४४०० | ४३०५६० | ४९५१४४ |
| १४२४२ | नक्सापास दस्तुर | | | | | ३११००० | २४८८०० | २८६१२० | ३२९०३८ |
| १४२४३ | सिफारिश दस्तुर | | | | | ३५७५०० | ३२१७५० | ३५३९२५ | ३८९३१७.५ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | | | ४५४५० | ४०९०५ | ४४९९५.५ | ४९४९५.०५ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | | | | | | |
| १४२४६ | मूल्याङ्कन दस्तुर | | | | | | | | |
| १४२४९ | अन्य दस्तुर | | | | | | | | |
| १४२५३ | व्यवसाय रविष्ट्रेशन दस्तुर | | | | | १२०००० | ९६००० | ११०४०० | १२६९६० |
| १४२९१ | पर्यटन शुल्क | | | | | | | | |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | | | | | | | | |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | | | | | | | | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | | | | | | | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | | | | | |
| १४३१५ | घर जग्गा रजिष्टेशन दस्तुर | | | | | | | | |
| **१४४००** | **अनुदान बाहेकको हस्तान्तरण** | | | | | | | | |
| **१४४१०** | **चालु हस्तान्तरण** | | | | | | | | |
| १४४११ | चालु हस्तान्तरण | | | | | | | | |
| **१४४२०** | **पूँजीगत हस्तान्तरण** | | | | | | | | |
| १४४२१ | पूँजीगत हस्तान्तरण | | | | | | | | |
| **१४५००** | **विविध राजस्व** | | | | | | | | |
| **१४५१०** | **चालु दावी तथा अन्य शुल्कहरू** | | | | | | | | |
| १४५११ | बीमा दावी प्राप्ती | | | | | | | | |
| **१४५२०** | **अन्य राजस्व** | | | | | | | | |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) २०७८/०७९ | कुल सम्भावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १४५२२ | साना सवारी कर | | | | | | | | |
| १४५२३ | लागत सहभागिता | | | | | | | | |
| १४५२९ | अन्य राजस्व (विविध आय) | | | | | | | | |
| **१४५३०** | **पूँजीगत राजस्व** | | | | | | | | |
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय | | | | | | | | |
| **१४६१०** | **व्यवसाय कर** | | | | | | | | |
| १४६११ | व्यवसाय कर | | | | | २३२७०० | १८६१६० | २१४०८४ | २४६१९६.६ |
| **१५०००** | **बेरुजु** | | | | | | | | |
| **१५१००** | **बेरुजु** | | | | | | | | |
| **१५११०** | **बेरुजु** | | | | | | | | |
| १५१११ | बेरुजु | | | | | | | | |
| **३३०००** | **दायित्व** | | | | | | | | |
| **३३१००** | **आन्तरिक दायित्व** | | | | | | | | |
| ३३१९० | **खुद आन्तरिक ऋृण** | | | | | | | | |
| ३३१९१ | ऋृण पत्र मार्फत प्राप्त ऋृण | | | | | | | | |
| ३३१९२ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋृण | | | | | | | | |
| ३३१९३ | अन्य सङ्घ संस्थाबाट प्राप्त ऋृण | | | | | | | | |
| **३३२००** | **वाह्य वित्तीय दायित्व** | | | | | | | | |
| ३३२४० | खुद वैदेशिक ऋृण | | | | | | | | |
| ३३२४१ | वैदेशिक ऋृणको प्राप्ती | | | | | | | | |
| | जम्मा राजस्व, अनुदान तथा दायित्व | | २२२६४५२०९ | २७५८४३२९६ | २२२६४५२०९ | | ३१०१०३०५६ | ३२६२०३३३८ | ३४३१९६९९६ |
| | | | | | | | | | |

# परिच्छेद सात: अपेक्षित नतिजा

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरूबाट सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । सूचना तथा तथ्याङ्क सङ्कलनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ मा रहेका विभिन्न अनुसूची फारामहरूको प्रयोग गरी गाउँकार्यपालिकाको कार्यालयका अधिकारीहरूबाट सूचना सङ्कलन गरिएको थियो । हालको राजस्व सङ्कलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि आवश्यक क्रियाकलापहरूको पहिचान गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । संकलित तथ्याङ्क, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरूको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आ.व. का लागि राजस्व प्रक्षेपण गरिएको छ ।

## ७.१ निष्कर्ष तथा सुझाब

प्रस्तुत राजस्व सुधार कार्ययोजनाको उचित कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक राजस्वमा कुल आयमा आन्तरीक आयको प्रतिसत ०.२३% रहेकोमा कार्य योजनाको अन्तिम वर्षमा यो २.३५% पुग्ने अपेक्षा गरिएको छ। यस गाउँपालिकामा आन्तरिक राजस्वका स्रोतहरूमा सम्पत्ति कर, भूमिकर, नक्सा पास दस्तुर, व्यवसाय कर, घर जग्गा बहाल कर, प्राकृतिक स्रोतबाट हुने आम्दानी आदि प्रमुख रूपमा देखिन्छ । सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आ.व.मा हुने आय संरचनाको प्रक्षेपणलाई तालिका नं. २० मा प्रस्तुत गरिएको छ:

**तालिका २२: गाउँपालिकाको अपेक्षित आय संक्षेपमा**

| राजस्व शीर्षक | यथार्थ | यथार्थ | अनुमानित | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| आन्तरिक आय | ५१०७८६.०० | १३३१४५.०० | ०.०० | ६१३२६१५.०० | ७०३४३७४.५० | ८०६९५८४.६५ |
| सङ्घीय राजस्व बाँडफाँडबाट प्राप्त आय | ३४८६०३७९.९० | ४३५४७२२३.४३ | ४५७२४५८४.६० | ४८०१०८१३.८३ | ५०४११३५४.५२ | ५२९३१९२२.२५ |
| प्रदेशबाट एकल कर प्रशासन अन्तर्गतको राजस्व बाँडफाँडबाट प्राप्त हुने आय | ४०१४५७.०७ | ४८१३८७.५४ | ५०५४५६.९२ | ५३०७२९.७६ | ५५७२६६.२५ | ५८५१२९.५६ |
| अनुदान (सङ्घ तथा प्रदेश) | १८६८७२५८६.०० | २३१६८१५४०.०० | २४३२६५६१७.०० | २५५४२८८९७.८५ | २६८२००३४२.७४ | २८१६१०३५९.८८ |
| लागत सहभागिता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **जम्मा** | २२२६४५२०८.९७ | २७५८४३२९५.९७ | २८९४९५६५८.५२ | ३१०१०३०५६.४४ | ३२६२०३३३८.०२ | ३४३१९६९९६.३४ |
| **कुल आयमा आन्तरिक आयको हिस्सा (प्रतिशतमा)** | ०.२३ | ०.०५ | ०.०० | १.९८ | २.१६ | २.३५ |

***स्रोत:*** *गाउँपालिकाको एकिकृत वित्तीय विवरण*

यस गाउँपालिकासँग भएका स्रोत साधनको परिचालनमा जोड दिएर स्थानीय विकासका लागि उल्लेख्य स्रोत स्थानीयस्तरबाटै जुटाउँदै अगाडी बढ्ने दिशामा प्रस्तुत कार्ययोजना महत्वपूर्ण माध्यम हुन सक्दछ। गाउँपालिकाको वार्षिक योजना तर्जुमाका लागि आन्तरिक स्रोत अनुमान गर्ने मार्गदर्शकका रूपमा यसले सहयोग पुग्ने अपेक्षा पनि गर्न सकिन्छ।

# परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन

योजनाले सार्थकता पाउने मुख्य माध्यम नै योजनाको प्रभावकारी कार्यान्वयन हो । कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि भरपर्दो विधि र संयन्त्र किटान हुन आवश्यक भए जस्तै राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन सुनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यवस्था गरिनु जरुरी हुन्छ । राजस्व सुधार कार्ययोजनाको अनुगमनमा मुख्य रूपमा राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका महत्वपूण हुन्छ । अनुगमनबाट गाउँपालिकाको राजस्व सम्बन्धी नीति र योजनाको उचित रूपमा कार्यान्वयन भए नभएको, राजस्व असुलीको प्रवृत्ति लक्ष्य अनुरूप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्व कोषमा दाखिला गरे नगरेको कुराहरू नियमित रूपमा अनुगमन गरी अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय, निर्देशन तथा गाउँपालिकामा सिफारिश लगायतको कार्यबाट मात्र स्वीकृत आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ । प्रस्तुत राजस्व सुधार कार्ययोजना र सो बमोजिम संकलित राजस्वको अनुगमन तथा मूल्याङ्कन लागि निम्न बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्न उपयुक्त हुने देखिन्छ ।




चित्र ५: अनग□मन मल्या□न चक्र

**तालिका २३: अनुगमन कार्यान्वयन तालिका**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| राजस्व असुली | राजस्व शाखा प्रमुख | दैनिक, मासिक, चौमासिक, र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |
| राजस्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | मासिक, चौमासिक, र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| राजस्व सुधार योजना | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| समन्वय तथा सहकार्य | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत,राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• समन्वय र सहजीकरण गर्ने<br>• मार्गदर्शन तथा निर्देशन दिने |
| राजस्व नीति | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत,राजस्व परामर्श समिति, कार्यपालिका, सभा | चौमासिक र वार्षिक | • चौमासिक तथा वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिश, सुझाब तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| राजस्व प्रतिवेदन | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा, लेखापरीक्षक | मासिक, चौमासिक र वार्षिक | • मासिक, चौमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरू सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिश, सुझाब तथा निर्देशन र पृष्ठपोषण प्रदानगर्ने |
| समीक्षा | उपाध्यक्ष | चौमासिक र वार्षिक | • लक्ष्य र उपलब्धि सहित सिकाईको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने |

राजस्वका स्रोत अनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरूको सूची तयार गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ। साथै अनुगमनको प्रतिवेदन तयार गर्ने कार्यलाई अनिवार्य गरिनु पर्दछ। गाउँपालिकाले संस्थागत स्वमूल्याङ्कन गर्दा यस कार्ययोजनाका सम्बन्धित विषयमा आधार लिन सकिन्छ।

यसैगरी प्रक्षेपित राजस्व असुलीमा देखिएका समस्याहरूको समधानका लागि आवश्यक कार्यका लागि गाउँकार्यपालिकामा प्रस्ताव पेश गर्ने । यो राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न चार तहको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सिफारिश गरिएको छ ।

**(क) कार्यालय स्तरको अनुगमन :**

यो राजस्व सुधार कार्ययोजना कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्याङ्कनको लागि प्रमुख प्रशासकिय अधिकृत, राजस्व उपशाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरू तथा वडा सचिवहरूलाई जिम्मेवार बनाउनु पर्दछ ।

गाउँपालिकाले कम्तिमा महिनाको एक पटक बैठक बसी कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापहरूको कार्यान्वयन भए नभएको, राजस्व असुलीको लक्ष्य अनुसार असुली भए नभएको, लक्ष हासिल गर्ने दिशातर्फ उन्मुख भए नभएको समीक्षा गरी आवश्यक नीतिगत एवम् कार्यगत निर्णयहरू गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**(ख) राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्याङ्कन :**

राजस्व परामर्श समितिले राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था तथा आय सङ्कलनको अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई चौमासिक रूपमा आवश्यक परामर्श प्रदान गर्नुपर्दछ । त्यसैगरी आगामी आ.व.को लागि आयको अनुमान गर्नुभन्दा पूर्व विगतको आर्थिक ऐनको मूल्याङ्कन गरी आयका स्रोत, दर तथा दायरा र व्यवस्थापनमा हेरफेर गर्नुपर्ने भएमा सुधारको लागि क्रियाकलाप सिफारिश गर्ने र त्यसैको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक वर्षको समाप्ति पश्चात् राजस्व सुधार योजनाको समिक्षा गर्नुपर्दछ ।

**(ग) कार्यपालिकाबाट अनुगमन तथा मूल्याङ्कन :**

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिले प्रस्तुत गरेका सुझाबहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्नुपर्ने हुन्छ । समितिले प्रस्तुत गरेका सुझाबहरूमा आवश्यक छलफल गरी राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नुपर्ने भएमा आवश्यक निर्णय गर्नु पर्दछ ।

**(घ) वाह्य अनुगमन तथा मूल्याङ्कनः**

राजस्व सुधार कार्ययोजना कार्यान्वयनको पश्चात् आन्तरिक राजस्वमा के कति सुधार भयो वा सुधारोन्मुख छ भनि गाउँपालिकाले गरेको राजस्वको प्रक्षेपणलाई आधार मानेर संघिय अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमन गर्न सक्नेछन ।

# अनुसूचीहरू

# अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | श्रोत |
|---|---|---|
| ▪ नेपालको संविधान | राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९: धारा २२८ देखी २३० सम्म) स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म) सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) | नेपाल कानुन आयोग |
| ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेद: ३) गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र (परिच्छेद: ९) गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेद: १०) | नेपाल कानुन आयोग |
| ▪ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | राजस्वको अधिकार (परिच्छेद: २) राजस्वको बाँडफाँड (परिच्छेद: ३) अनुदानको व्यवस्था (परिच्छेद: ४) वैदेशिक सहायता तथा ऋण ( परिच्छेद: ५) आय व्ययको प्रक्षेपण गर्ने (दफा १८) राजस्व प्रस्ताव तयार गर्ने (दफा १९) वित्तीय अनुशासन (परिच्छेद: ८) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले लगाउन सक्ने कर (अनुसूची १,२ र ३) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ | प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५ | स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरू | नेपाल कानुन आयोग |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | श्रोत |
|---|---|---|
| ▪ नेपाल सरकारको वार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरू | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधित प्रावधानहरू | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश सरकारको वार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरू | स्थानीय तह र प्रदेश सरकार बिच साझा अधिकार सूचीका विषयमा प्रदेश कानुनले गरेका व्यवस्थाहरू | सुदूरपश्चिम प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ▪ स्थानीय तहको आर्थिक ऐन २०७४/०७५ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ | स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एक रूपताका लागि | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ नेपाल सरकारको आर्थिक ऐन, २०७५ | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको वस्तुगत विवरण (प्रोफाईल) | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरूको आधार (Base) बारेको सूचना र तथ्याङ्क | सम्बन्धित स्थानीय तह |
| ▪ स्थानीय तहका विभिन्न आर्थिक वर्षहरूको योजना, बजेट तथा कार्यक्रमहरू | स्थानीय राजस्व र आयको प्रबृत्ति विश्लेषण | सम्बन्धित स्थानीय तह |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | श्रोत |
|---|---|---|
| ▪ सङ्घ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू | स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कानुनी र नीतिगत व्यवस्था | नेपाल सरकार, अर्थ मन्त्रालय<br>नेपाल कानुन आयोग<br>नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका सम्बन्धित निकायहरू |
| ▪ अन्य स्थानीय तहले विगतमा तर्जुमा गरेका कार्ययोजनाहरू | सन्दर्भ सामग्रीको रूपमा | अन्य स्थानीय तहहरू |
| ▪ अध्ययन क्षेत्रमा रहेका क्लष्टर अन्तर्गतका स्थानीय तहसंग आधारित विभिन्न आर्थिक वर्षहरूको गाउँपालिका /नगरपालिका विकास योजना, गाउँपालिका /नगरपालिकाको विकास योजना बजेट तथा कार्यक्रमहरू | | सम्बन्धित स्थानीय तह |
| ▪ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू | | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ अन्य दस्तावेजहरू | सन्दर्भ सामग्रीको रूपमा | विभिन्न निकायहरू |

# अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र

## सुर्मा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
दौलिचौर,बझाङ्ग
सुदूरपश्चिम प्रदेश,नेपाल

सुर्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दौलिचौर, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०७८/०७९

चलानी नं. ४०८

मिती : २०७९।०२।२५

<u>विषय : कार्यक्रम कार्यन्वयन तथा अनुमति सम्वन्धमा</u>

श्री प्रादेशिक शुशासन

सुदुरपश्चिम प्रदेश

पुन्ना, डोटी, ।

प्रस्तुत विषयमा यस सुर्मा गाउपालिकाको **राजस्व सुधार कार्ययोजना तर्जुमा** तयारी प्रायोजनको लागि तहाँ श्री प्रादेशिक सुशासन केन्द्र र CUBE-Pathway-Bhugol JV, बिशालनगर, काठमाडौँ विच भएको सम्झौता बमोजिम उक्त CUBE-Pathway-Bhugol JV, ले यस पालिका संगको पहिलो चरणको बैठक /छलफल हुँदा सो कार्यको लागि अनुमति दिइएको व्यहोरा अनुरोध छ साथै अनुसन्धान टोलीले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि मागेको आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराउने निर्णय भएको जानकारी अनुरोध छ। साथै यस सम्बन्धि बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ।

चक्र प्रशाद जोशी
प्रमुख प्रशासकिय अधिकृत

चक्र प्रसाद जोशी
नि.प्रमुख प्रशासकीय अधिकृत

ito.surmamun@gmail.com

# अनुसूची ३: कार्यक्रममा सहभागीहरूको सूची र कार्य सम्पन्न पत्र

सुर्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैलिचौर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

आज मिति २०७९ साल आषाढ महिना ३ गतेका दिन प्रादेशिक सुशासन केन्द,डोटी को सहयोग तथा क्युव-पाथवे-भूगोल जेभीको सहजीकरण र सुर्मा गाउँपालिकाको आयोजनामा यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना २०७८/०७९ को अभिमुखिकरण कार्यशाला तथा अन्तिम प्रतिवेदन प्रस्तुतीकरण कार्यकम यस गाउँपालिकाका प्रमुख/अध्यक्ष श्री खडक बहादुर बोहरा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | खडक बहादुर बोहरा | अध्यक्ष | |
| २ | रमला कुमारी मन्डेल पुजारा | उपाध्याक्ष | |
| ३ | चक्र प्रसाद जोशी | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | दिनेश बहादुर बोहरा | वडाध्यक्ष वडा न १ | |
| | सुरेश ~~दिनेश~~ बहादुर बोहरा | वडाध्यक्ष वडा न २ | |
| ५ | मिन शाही | योजना विज्ञ | |
| ६ | विष्णु बोहरा | सव इन्जिनियर | |
| ७ | धिरेन्द्र बहादुर थापा | पशु प्रवाधिक | |
| ८ | प्रेम सिह बोहरा | कार्यालय सहयोगी | |
| ९ | कविराज बोहरा | शिक्षक | |
| १० | जयकरन बोहरा | अहेव | |
| ११ | नारायण प्रसाद उपाध्याय | लेखापाल | |
| १२ | राजेन्द्र प्रसाद अवस्थी | आ ले पा | |
| १३ | लक्ष्मीराज जोशी | प्रशासकिय अधिकृत | |
| १४ | शिव राज उपाध्याय | बुद्विजिवि | |

प्रस्तुतिकरण पश्चात सोही भेलाले तपसिल बमोजिमका निर्णय समेत गरियो ।

**प्रस्तावहरू:**

१. सुर्मा गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा ।

२. सुर्मा गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन कार्यपालिकाबाट अनुमोदन गर्ने सम्वन्धमा ।

**निर्णयहरू**

निर्णय नं. १: सुर्मा गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा प्रस्तुतीकरण तथा छलफल गरियो साथै राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा संशोधन सहित प्राप्त गर्ने निर्णय गरियो । राजस्व सुधार कार्ययोजना तर्जुमाका लागी आर्थिक सहयोग गर्ने प्रादेशिक सुशासन केन्द्र, डोटी तथा प्राविधिक सहयोग गर्ने क्युव-पाथवे-भूगोल जेभी तथा विज्ञहरूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

# सुर्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दौलिचौर,बझाङ्ग
सुदूरपश्चिम प्रदेश,नेपाल

ito.surmamun@gmail.com

पत्र संख्याः
२०७८/०७९

मिती : २०७९।०३।०३ गते

चलानी नं. ५२६

श्री क्युव-पाथवे-भूगोल जेभी,
काठमाण्डौं,

**विषयः कार्यसम्पन्न बारे ।**

प्रस्तुतत विषय सम्वन्धमा श्री क्युव-पाथवे-भूगोल जेभी, काठमाण्डौको सहजिकरण र श्री प्रादेशिक सुशासन केन्द्र पुन्ना, डोटी सुदुर पश्चिम प्रदेशको सहयोगमा सुदुर पश्चिम प्रदेश, बझाङ जिल्ला, सुर्मा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी कार्य सम्पन्न भएको र कार्ययोजनाको प्रतिवेदन प्राप्त भएको जानकारी गराउँदै श्री क्युव-पाथवे-भूगोल जेभी, काठमाण्डौं र श्री प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटी सुदुर पश्चिम प्रदेशलाई धन्यवाद ज्ञापन गर्दै यो पत्र उपलब्ध गराईएको छ ।

(प्रमुख प्रशासकीय अधिकृत)
चक्र प्रसाद जोशी
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री प्रादेशिक सुशासन केन्द,पुन्ना डोटी,सुदुर पश्चिम प्रदेश ।

Scanned with CamScanner

# अनुसूची ४: कार्यक्रमको फोटोहरू




